जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४९ • २०८२ साल असार २४ गते मंगलबार (8 July, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## फरार शीतल साह पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । दुई महिनादेखि फरार रहेका बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह कीर्ते तथा जालसाजी अभियोगमा पक्राउ परेका छन् ।

परिषद्का कार्यकारी निर्देशक बैजनाथ पासवानको हस्ताक्षर कीर्ते गरी ४ जना कर्मचारी बर्खास्त गरेको अभियोगमा साहलाई सोमबार नियन्त्रणमा लिइएको धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जनाएका छन् ।

कार्यकारी निर्देशक पासवानले अध्यक्ष साह आफ्नो हस्ताक्षर कीर्ते गरेको भन्दै धनुषा प्रहरीमा गत चैत २८ गते उजुरी दिएका थिए । विधि विज्ञान प्रयोगशालाबाट माग भए बमोजिम कीर्ते हस्ताक्षर सम्बन्धी परीक्षण प्रतिवेदन प्राप्त भएपछि प्रहरीले धनुषा जिल्ला अदालताबाट वैशाख २५ गते पक्राउ गर्न अनुमति पाए लगतै साह फरार भएका थिए ।

# 'यथास्थितिमा पारित हुँदैन'

## बजेटप्रति सत्ता घटककै सांसदको असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्षको बजेटलाई लिएर मधेश सभाको बैठकमा बजेटप्रति सत्ता घटक दलका प्रदेश सांसदहरुले समेत विरोध गरेका छन् ।

विपक्षी दललगायतकाहरुले शुरुदेखि नै बजेटमा प्रश्न उठाउँदै आएपछि सत्ता पक्षकै प्रदेश सांसदहरुले पनि बजेटप्रति असन्तुष्टि पोखेका छन् ।

सोमबार दोस्रो दिन पनि सदनको बैठकमा विपक्षी दलहरूले प्रदेश सभाको बैठक शुरु नहुँदै विरोध प्रदर्शन गरेका थिए ।

सत्तागठबन्धनका प्रदेश सांसद रामसरोज यादवले यथास्थितिमा बजेट पारित हुन नदिने बताएका छन् । नेता यादवले भने, 'प्रदेश सरकारले ल्याएको बजेट तत्काल सुधार गर्नुपर्ने आवश्यकता रहेकाले सुधार नहुञ्जेलसम्म कुनै पनि हालतमा पारित हुन दिने छैनौं ।'

उनले बजेटमा सुधार गरिएमा आफूहरु प्रदेश सरकारलाई बजेट पारितका लागि साथ दिने स्पष्ट पारे । यस्तै बजेटमा बिचौलिया हाबी भएको भन्दै विपक्षी दलहरूले प्रदेश सभामा विरोध गर्दै आएका छन् । विपक्षी दल नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका उपनेता युवराज भट्टराइले अनुसार मधेश सरकारको बजेटमा धेरै खेल भएको आरोप लगाए । प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र सांसदहरूको कतिपय योजनाभन्दा फरक बजेट राखिएकोमा उनले आपत्ति जनाए ।

प्रदेश सरकारको बजेटमा बचौलिया हाबी भएको प्रस्ट देखिएकोले आफ्नो दलसहित विपक्षी दलहरूले विरोध जनाइरहेको उनको टिप्पणी छ । 'यो बजेटमा व्यक्ति केन्द्रित बजेट छ, यतिमात्रै होइन बजेट असमान पनि छ । यसका साथै बिचौलिया हाबी भएको छ,' उनले भने ।

उनका अनुसार त्यसकारण यसको पुनर्लेखन हुनुपर्ने विपक्षी दलहरूको माग छ । पुनर्लेखन नहुँदासम्म आफूहरू सदनको बैठक चल्न नदिने तयारीमा रहेको उनको भनाइ छ । प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटलाई लिएर आइतबारदेखि प्रदेश सभाको बैठक शुरु भएको छ । तर बजेट पासबारे सदनमा कुनै छलफल हुन सकेको छैन ।



आगामी आर्थिक वर्ष ०८२/०८३ को लागि प्रदेश सरकारले बजेट ल्याएको २३ दिन भइसक्दा पनि प्रदेश सभाभित्रको किचलो बढ्दो छ । कांग्रेस सांसद श्याम पटेलले बजेटमा संशोधन भएन भने बजेट पास नहुने सम्भावना बढेको बताए ।

उनले केही दलका नेताबाहेक अधिकांश सांसदमा बजेटको विषयलाई लिएर व्यापक असन्तुष्टि व्यक्त गरे । उनले भने, 'प्रदेश सभामा सत्तारुढ दलका सांसदहरूले पनि बजेटको विरोध जनाइरहेका छन्, सांसदहरूसंग छलफल हुँदै सबैको बजेट संशोधन गर्ने एक स्वर छ ।' यदि यसो भने असार ३० भित्र बजेट पास हुन सक्ने सम्भावना निकै कम छ ।

त्यसकारण समयसीमाभित्रै बजेटबारे उठेका अवाजहरूको सम्बोधन गर्नुपर्ने जरुरी रहेको उनको ठम्याइ छ ।

असार १ गते प्रदेश सरकारले ४६ अर्ब बढीको बजेट ल्याएको थियो । त्यसको ११ दिन पछाडि सुरु भएको सदनको बैठकमा रातो किताब प्रदेश सांसदहरूले पाएका थिए ।

रातो किताबको अध्ययनपछि बजेटमा भनै गडबड भएको देखेका सत्तारुढ दलका सांसदसहित विपक्षी दलहरूले बजेट विरोध गर्न थालेका थिए । सदनमा माओवादी केन्द्र, जसपा नेपाल, नेकपा एस, राप्रपा, संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले संयुक्त रूपमा विरोध जनाइरहेका छन् । बजेट पासका लागि अब प्रदेश सभासँग मात्र ७ दिन बाँकी छ ।

बजेटको विषयलाई विवाद सुरु भएपछि प्रदेश मन्त्रिपरिषद्को बैठक डाकिएको थियो । सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकबारे गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले भने, 'बैठकमा बजेटमाथि भइरहेको विरोधबारे छलफल गरियो । तर गहन छलफल भने भएन, सत्तारुढ दलहरूसंग सल्लाह गरेर अगाडि बढ्ने सबैको सल्लाह भयो ।'

उनका अनुसार अब सदनमा भइरहेको विरोधबारे सत्तारुढ दलहरूसँग सल्लाह गरेर अगाडि बढ्ने सरकारको तयारी छ ।

विपक्षी दलहरूले विरोध गर्न थालेपछि सदनको बैठक सोमबार पनि स्थगित भएको छ । प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले मंगलबार दिउँसो १ बजेसम्मका लागि सदनको बैठक स्थगन गरेका छन् ।

## तत्कालीन उपमेयरसहित ९ जना विरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको हँसपुर नगरपालिकाका तत्कालीन उपमेयर रेणु देवी झा, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत रामलोचन मण्डलसमेत ९ जना र देव कन्स्ट्रक्सनले भ्रष्टाचार गरेको भन्दै आरोपपत्र दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार उनीहरूविरुद्ध विषेश अदालतमा मुद्दा दायर गरेको छ ।

हँसपुर नगरपालिका वडा नं. ५ स्थित सुगा निकासदेखि कट्टीसम्म पीसीसी ढलान योजना टुक्रा टुक्रा पारी रकम भुक्तानी गरी अनियमितता गरेको अख्तियारको ठहर छ ।



हँसपुर नगरपालिका आर्थिक वर्ष २०७६/०७७को नगरसभाबाट स्वीकृत कार्यक्रम अन्तर्गत सुगा निकास टोलदेखि कट्टी चोकसम्म पीसीसी ढलान कार्य संचालन गर्न एक करोड रुपैयाँ विनियोजन गरेको थियो । सो विनियोजित रकममध्ये पालिकाको प्राविधिकले जम्मा रकम प्रोभिजनल समसहित १ करोड ४८ लाख ४१ हजार ९४७ रुपैयाँ १४ पैसाको लागत अनुमान तयार गरी मूल्य अभिवृद्धि करसहित ९५ लाख २७ हजार ७९३ रुपैयाँ ६६ पैसामा कार्य सम्पन्न गर्ने गरी नगरपालिका र निर्माण व्यवसायी देव कन्स्ट्रक्सन जनकपुरधामबीच २०७८ जेठ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो ।

हँसपुर नगरपालिकाको प्राविधिक सहितको टोलीले प्रथम रनिंग विल बापत मूल्य अभिवृद्धि करसहित ४३ लाख ४० हजार ८७५ रुपैयाँ ५३ पैसा रकम मूल्यांकन गरी नापी किताव र अनुगमन समितिको सिफारिसको आधारमा कर कट्टी गरी ३९ लाख ४१ हजार ३६१ रुपैयाँ २०७८ असार ३१ गते निमित्त प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडलसमेतले देव कन्स्ट्रक्सनलाई भुक्तानी दिएको पाइएको छ ।

स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन अनुसार रामललितको घर अगाडिको पीसीसी ढलानको लम्बाई २१३ मिटर भनिए पनि स्थलगत नापजाँचमा ४५ मिटर मात्रै रहेको, गाछी देखि पीसीसी ढलानको लम्बाई २६० मिटर भनिए तापनि स्थलगत नापजाँचमा १५४ मिटर मात्रै रहेको देखिएकोले गलत नापी किताव तयार गरी गराई बास्तविक भए गरेको भन्दा ७ लाख ८१ हजार ८१८ रुपैयाँ ३ पैसा बढी भुक्तानी दिएको अख्तियारको ठहर छ ।

सो निर्माण कार्यको लागि निर्माण व्यवसायीले पेश गरेको आधारमा नगर सभाको निर्णय अनुसार मिति २०७८ चैत मसान्तसम्म म्याद थप गरेको थियो । सो त्रुटि नसच्याएको र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अधिकारीसमेतले बेवास्ता गर्दै बैंक जमानतको सुरक्षण अवधिसमेत नाघेको देखिएको भन्दै अख्तियारले सो २८ लाख ४० हजार ३५० रुपैयाँ अनियमितता भएको जनाइएको छ ।

अख्तियारले हँसपुर नगरपालिकाको सम्पत्ति ५२ लाख ७२ हजार १६८ रुपैयाँ ३ पैसा अनियमितता भएको जनाएको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

(१) पर्यटकको बसाई अवधिलाई लामो बनाउनका लागि यस प्रदेशका पर्यटकिय सम्पदाको विविधिकरण गरि धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय, ग्रामिण, ऐतिहासिक एवं पुरातात्विक पर्यटकिय सम्पदाहरुको विकास, संरक्षण एवं प्रवर्द्धन गरौं ।
(२) हाईवे क्षेत्रमा क्यासिनो, नदिहरुमा साहसिक पर्यटन, चुरेक्षेत्रमा हाईकिङ्गतथा ट्रेकिङ्ग एवं मनोरञ्जनात्मक पर्यटन आदि जस्ता पर्यटन व्यवसायबाट : odern Tourism प्रवर्द्धन गरिने तथा मिथिला क्षेत्रमा धार्मिक, साँस्कृतिक एवं ग्रामीण पर्यटन पर्वद्धन गरौं ।
(३) मधेश प्रदेश पर्यटन बोर्ड गठन गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटन क्षेत्रमा प्राज्ञिक तथा अनुसन्धानात्मक एवं परामर्शदातृ संस्थाको रुपमा विकास गरौं ।
(४) मधेश प्रदेश पर्यटन गुरुयोजना निर्माण गरिनेछ । साथै पर्यटन क्षेत्रकालागि आवश्यक ऐन कानून, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गरि पर्यटनलाई दिगो र योजनाबद्ध बनाऔं ।
(५) जानकी मन्दिरलाई आकर्षक तथा पर्यटनमैत्री धार्मिक पर्यटकिय सम्पदाको रुपमा विकास गरि विश्व-सम्पदा सूचीमा सुचीकृत गर्न पहल गरौं ।
(६) पर्सा राष्ट्रिय निकुञ्ज एवं कोशी टप्पु वन्यजन्तु आरक्षलाई वातावरणीय तथा प्राकृतिक एवं वन्यजन्तु पर्यटन स्थलको रुपमा विकास गरौं ।

**पर्यटन विकास कार्यालय**
गौर, रौतहट



# पूर्वप्रधानमन्त्री खनाल विश्व सभ्यता संवादमा सहभागी हुन चीन प्रस्थान

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल चीन प्रस्थान गर्नुभएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को निमन्त्रणामा बेइजिङमा आयोजित 'विश्व सभ्यता संवाद' मा सहभागी हुन खनाल सोमबार त्यसतर्फ प्रस्थान गर्नुभएको हो । उहाँले बेइजिङको मुख्य कार्यक्रममा सहभागी हुनुअघि हेनान प्रान्तको तीनदिने भ्रमण गर्नुहुने नेता खनालका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिनुभयो ।

पूर्वप्रधानमन्त्री खनालले त्यहाँका आधुनिक कृषि अनुसन्धान केन्द्र, 'डिजिटल' प्रविधि कम्पनी, नयाँ ऊर्जा प्रविधि कारखाना तथा ग्रामीण पुनरुत्थानका नमूना परियोजनाहरूको अवलोकन गर्नुहुनेछ । उहाँले सिपिसी हेनान प्रान्तीय कमिटीद्वारा आयोजित एक विशेष अन्तरक्रियामा प्रमुख वक्ताका रूपमा सम्बोधन गर्नुहुनेछ ।

हेनानको कार्यक्रम सकेर नेता खनाल यही असार २५ गते चीनको राजधानी बेइजिङ पुग्नुहुनेछ । बेइजिङमा उहाँले जुलाई १० मा दुईवटा महत्वपूर्ण सत्रलाई सम्बोधन गर्नुहुनेछ । उहाँले 'मन्त्रिस्तरीय विश्व सभ्यता संवाद' को पूर्ण सत्रको तेस्रो खण्ड, 'मानवताका साझा मूल्यहरूको संयुक्त प्रवर्द्धन' लाई प्रमुख वक्ताका रूपमा सम्बोधन गर्नुहुनेछ । सोही दिन उहाँले 'सभ्यताहरूको आदानप्रदान, पारस्परिक सिकाइ र प्राज्ञिक संवाद' शीर्षकको छैटौं उप-मञ्चको उद्घाटन समारोहमा पनि प्रमुख वक्ताका रूपमा मन्तव्य राख्नुहुनेछ ।

बेइजिङ बसाइका क्रममा नेता खनालले चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचाओलगायत अन्य शीर्ष नेताहरूसँग शिष्टाचार भेटवार्ता गर्नाका साथै, सम्मेलनमा सहभागी हुन विभिन्न मुलुकबाट आएका पूर्वप्रधानमन्त्री, मन्त्री, विज्ञ तथा प्रतिनिधिहरूसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ । नेता खनाल पाँच दिवसीय भ्रमण सम्पन्न गरी यही असार २७ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

**पर्यटनमन्त्री पाण्डे फ्रान्स प्रस्थान**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे युनेस्कोको वर्ल्ड हेरिटेज कमिटीको बैठकमा सहभागी हुन आज फ्रान्स प्रस्थान गर्नुभएको छ ।

पेरिसमा आयोजना हुने उक्त बैठकमा मन्त्री पाण्डेले कपिलवस्तुको ऐतिहासिकस्थल तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम रहेको पर्यटन मन्त्रालयले जनाएको छ ।पर्यटनमन्त्री पाण्डेलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा मन्त्रालयका सचिव हरिप्रसाद मैनालीसहित उच्च अधिकारीहरूले बिदाइ गर्नुभएको छ । मन्त्रालयका अनुसार यो भ्रमण तिलौराकोटलाई अन्तरराष्ट्रियस्तरमा मान्यता दिलाउने



दिशातर्फको कोसेढुङ्गा साबित हुनेछ ।

तिलौराकोटको ऐतिहासिक र पुरातात्विक महत्वका कारण स्थानीयस्तरमा लामो समयदेखि यसलाई विश्वसम्पदा सूचीमा राख्न माग हुँदै आएको छ ।

सोही अनुरूप मन्त्रालयले त्यसको स्वामित्व लिएर आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता प्रकट गर्दै आएको छ ।हाल युनेस्कोको वर्ल्ड हेरिटेज कमिटीमा २१ सदस्य राष्ट्र छन्, जसमा एसियाबाट भारत, कतार, जापान र कोरियाजस्ता देशहरू प्रतिनिधित्व गर्छन् । कमिटीमा बहुमतका आधारमा निर्णय हुने व्यवस्था रहेको छ ।रासस

# लहानमा 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम'




सिरहा। लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गर्दै आएको 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम' अहिले प्रभावकारी रूपमा अघि बढिरहेको छ ।

नगरपालिकाका २४वटै वडामा 'रोटेसन'को आधारमा प्रत्येक महिनाको २२ गते गर्भवती तथा सुत्केरीलाई पोषण प्याकेज वितरण गरिँदै आएको छ । आइतबार वडा नं २२ मा आयोजित कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले ४५ जनालाई पोषण प्याकेज हस्तान्तरण गर्नुभयो । उहाँका अनुसार यो कार्यक्रम गत स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएको प्रतिबद्धता अनुसार सुरु गरिएको हो ।

"सुत्केरी अवस्थामा पोषिलो आहार नपाउँदा बच्चाको पोषणमा गम्भीर असर पर्छ, जुन भविष्यका लागि खतरा हुन्छ । मैले नगरप्रमुखको जिम्मेवारी सम्हालेपछि एउटा स्वस्थ पुस्ता तयार पार्न, आमाहरूको स्वास्थ्य सुधार गर्न र कुपोषणको चक्र तोड्न यो कार्यक्रम सुरु गरेको हुँ," उहाँले भन्नुभयो,"अहिले यो कार्यक्रमले जनस्तरमा निकै राम्रो प्रभाव पारेको देखिएको छ, त्यसैले आगामी दिनमा अझ प्रभावकारी बनाउँदै लैजाने योजना छ ।"

नगरपालिकाभित्र उल्लेख्य दलित र विपन्न समुदाय रहेकोले उनीहरूलाई लक्षित गर्दै कार्यक्रम बनाइएको हो । उहाँका अनुसार कार्यक्रमले हाल जनस्तरमा सकारात्मक प्रभाव पारिरहेको र आगामी दिनमा अझ व्यापक बनाइनेछ। कार्यक्रमको प्रभावबारे बोल्दै वडा नं २२ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरले पनि यस योजनाले महिलाहरूमा स्वास्थ्य सचेतना बढेको बताउनुभयो ।

"पहिला गर्भवती र सुत्केरीहरू स्वास्थ्य संस्थामा नियमित जाँच गर्न जाँदैनथे," उहाँले भन्नुभयो, "अब पोषण प्याकेज पाउने प्रक्रियामा नियमित स्वास्थ्य जाँच अनिवार्य भएकाले उनीहरू स्वास्थ्य संस्थामा आउन थालेका छन्, जसले आमाको पनि स्वास्थ्य सुधार ल्याएको छ ।"

नगरपालिकाको स्वास्थ्य शाखाकी कर्मचारी रीता यादवका अनुसार यो कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्यमा सकारात्मक असर पारेको छ ।पोषण प्याकेजमा चामल, दाल, नून, तेल, चना, मोटर, सोयाबिनलगायतका खाद्य सामग्री समावेश गरिएको छ । कार्यक्रमबाट लाभान्वित महिलाले आफूहरूले पाएको सहयोगले गर्भावस्था र सुत्केरी अवस्थाको चुनौती पार गर्न सजिलो भएको अनुभव बाँडेका छन् ।

'बर्थिङ सेन्टर' सञ्चालनमा आउने

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख चौधरीले यसै वडाको तेरगनामा यही वर्षदेखि 'बर्थिङ सेन्टर' सञ्चालनमा ल्याइने जानकारी दिनुभयो । नगरपालिकाको स्वास्थ्य शाखाले यस सम्बन्धमा आवश्यक सबै प्रक्रिया पूरा भइसकेको जानकारी दिएको छ ।

लहान नगरपालिकाको दुर्गम क्षेत्र मानिने तेरगनामा सञ्चालनमा आउन लागेको यो बर्थिङ केन्द्रबाट स्थानीय महिलाहरूलाई सुरक्षित र सहज प्रसूति सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ । लहान नगर प्रमुख महेशप्रसाद चौधरीका अनुसार, वर्षायाममा सडक अवरुद्ध हुँदा रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालसम्म पुग्न नसक्ने अवस्थाले गर्दा गर्भवतीले समयमा सेवा नपाइ ज्यान गुमाउने जस्ता दुःखद घटना दोहोरिरहेकाले यो केन्द्रले अब स्थायी समाधान दिनेछ ।

नगर प्रमुख चौधरील भन्नुभयो,"बर्थिङ सेन्टर सञ्चालनमा आएपछि लहान-१६ को भसुवा, भमरेका गर्भवतीलाई अब सहरसम्म धाउनुपर्ने बाध्यता हट्नेछ ।

एमबिबि एस डक्टरसहितको सेवा हुनेछ ।" उहाँका अनुसार केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र उपकरण तयारी अवस्थामा छन् ।यसबाट दुर्गम क्षेत्रमा सुरक्षित मातृत्व सेवा सुनिश्चित हुने विश्वास लहान नगरपालिकाले लिएको छ ।रासस

# पूर्वाधार कार्यालयले ठोरीको सिकारीबासमा पाँच जनाको घर बनाइदिने




वीरगञ्ज । पूर्वाधार विकास कार्यालय वीरगञ्जले पर्साको विकट ठाउँका रुपमा चिनिने सिकारीबासमा फुसको घरमा बसोबास गर्दै आएका सर्वसाधारणलाई दुई कोठे पक्की घर निर्माण गरिदिने भएको छ ।

कार्यालयले ठोरी गाउँपालिका-३ सिकारीबास फुसको घरमा बसोबास गर्दै आएका पाँच परिवारको लागि ' जनता आवास कार्यक्रम अन्तर्गत) एकीकृत बस्ती निर्माण गरिदिन लागेको हो ।

यो बस्ती ठोरीको हुलाकी राजमार्गबाट करिब छ किलोमिटरभित्र पर्दछ। जहाँ पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र भारतको बाल्मिकी टाईगर रिर्जभ लगायतको मध्यवर्ती क्षेत्रको रुपमा रहेको छ। तर,यहाँका सर्वसाधारण आधार भूत आवश्यकताबाट पनि बञ्चित हुँदै आइरहेका छन् ।

पूर्वाधार विकास कार्यालय वीरगञ्जका प्रमुख लालबाबु रायले चालु आर्थिक वर्षमा शिलान्यास भए पनि आगामी आर्थिक वर्षसम्म फुसको घरमा बस्दै आएका पाँच जना परिवारको लागि दुई-दुई कोठे एकीकृत घर बनाइदिन लागेको जानकारी दिनुभयो "मधेश प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गतप्रति घर तीन लाख ७२ हजार लागतमा निर्माण गर्न लागिएको हो ।

यसमा घरधनीले १० प्रतिशत श्रमदान पनि गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो,"यसअघि जनता आवास कार्यक्रम सघन सहरी तथा भवन निर्माण आयोजनाबाटै सम्पादन हुँदै आइराखेपनि पछिल्लो समय भने पूर्वाधार विकास कार्यालय मातहत व्यवस्थापन र सञ्चालन हुँदै आइरहेको छ ।

" कार्यालयका अनुसार फलामे ट्रस र जस्ताको छानोसहितको घर निर्माण गर्न लागिएको हो ।

गत शनिबार ठोरीको सिकारीबासमा आयोजित एक कार्यक्रमबीच एकीकृत बस्तीको शिलान्यास पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र पूर्वाधार विकास कार्यालयका प्रमुख रायले संयुक्तरुपमा गर्नुभएको थियो । सो योजना अन्तर्गत सिकारीबासमा वर्षौंदेखि बस्दै आएका भङ्गीयादेवी थारु, तेत्रीदेवी थारु, रामचन्द्र थारु, भरत महतो थारु, पार्वतीकुमारी थारुको घर निर्माण गरिनेछ ।

फुसको घरमा बसोबास गर्दै आउनुभएका भरत महतो थारुले आफ्नो पक्की घर बन्ने भएसँगै निकै खुसी भएको प्रतिक्रिया दिनुभयो ।

" म त जिन्दगीभर नै फुसकै घरमा जीवन गुज्रिएला जस्तो लागेको थियो," उहाँले भन्नुभयो,"अब घर बन्ने भएसँगै हामी पनि वर्षायाममा पानी नचुहिने घरमा बस्न पाउने भयौं ।" पर्साका प्रजिअ अर्यालले वर्षौंदेखि राज्यको अभिभावकत्व प्राप्त गर्न नसकेका सिकारीबासका जनताका लागि एकीकृत शिविरमार्फत राज्यको अनुभूति गराउन खोजेको बताउनुभयो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन पर्साका योजना प्रमुख तथा इञ्जीनीयर राकेश साहले शनिबार नै ठोरीको सिकारीबासमा नदीको कटान क्षेत्रमा करिब १० लाख मूल्य पर्ने नदी तटबन्धसहितको जालीको व्यवस्था गर्न लागेको जानकारी दिनुभयो ।रासस

# वातावरण संरक्षण पुरस्कार महानिर्देशक कँडेललाई

काठमाण्डु । 'औतारी रिन्पोचे नावाङ तेन्जिङ लामा वातावरण संरक्षण पुरस्कार' राष्ट्रिय निकुञ्ज तथा वन्जन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेललाई प्रदान गरिएको छ ।



तेन्जिङ हिलारी एभरेस्ट म्याराथनद्वारा सोमबार आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्य सोनाम ग्याल्जेन शेर्पाले महानिर्देशक कँडेललाई रु तीन लाख सात हजार ७७७ को राशीको पुरस्कार प्रदान गर्नुभयो ।

पुरस्कार हस्तान्तरण गर्दै राष्ट्रियसभा सदस्य शेर्पाले राष्ट्रिय निकुञ्ज भएको कारण सगरमाथा र खुम्बु क्षेत्र बाँचिरहेको बताउनुभयो । "कसैले राष्ट्रिय निकुञ्जको विरोध गऱ्यो भने मेरो चित्त दुख्छ, वातावरण बचाउन राष्ट्रिय निकुञ्जलाई बचाउनु पर्छ, अब संरक्षणलाई कसरी अगाडि बढाउने भनेर हामीले ध्यान दिनुपर्छ, राष्ट्रिय निकुञ्ज पुस्तौंपुस्तासम्म बचाएर राख्नुपर्छ, राजनीति गरेर एकले अर्कोलाई नटेर्ने र समन्वय नगर्ने अवस्था हुनुहुँदैन, हाम्रोबीचमा भएका समस्यालाई समाधान गरौं", उहाँले भन्नुभयो ।

पुरस्कार ग्रहणसँगै महानिर्देशक कँडेलले जीवनमा गरेका पवित्र कार्यको मूल्याङ्कन भएकामा प्रकृतिको सृष्टिप्रति सम्मान गर्दै संरक्षणमा क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो। उहाँले सानैदेखि समाजले आत्मसम्मान गर्ने खालका काम गर्न आफूलाई मन लाग्ने गरेको बताउँदै स्थानीय समुदायसँग मिलेर सहज ढङ्गले संरक्षणका क्षेत्रमा काम गर्न सकिने धारणा राख्नुभयो । उहाँले प्राप्त गरेको पुरस्कार कुनै संस्थामार्फत संरक्षणका क्षेत्रमा परिचालन गर्ने जानकारी गराउनुभयो ।

तेन्जिङ हिलारी एभरेस्ट म्याराथनका संस्थापक अध्यक्ष विक्रम पाँडे काजीले ट्रेकिङ, म्याराथन र संरक्षणका क्षेत्रमा काम गर्ने उद्देश्यका साथ पुरस्कारको स्थापना गरिएको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न चाहने व्यक्ति भएकाले पर्यावरण बचाउने प्रयासस्वरूप पुरस्कार स्थापना गरिएको जानकारी गराउनुभयो ।रासस

# बागमती प्रदेशसभा : आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बहुमतले पारित

बागमती । बागमती प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बहुमतले पारित भएको छ । सोमबार बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र 'विनियोजन विधेयक,२०८१' बहुमतले पारित गरेको हो ।




बैठकले प्रदेश सरकारको बजेटको पुरक प्रस्ताव समेत स्वीकृत गरेको छ ।

उक्त प्रस्तावलाई विनियोजन विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव प्रदेशसभा बैठकले बहुमतले स्वीकृत गरेको हो । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संसद्मा पेस गरेको प्रदेश सरकारको आव २०८२/०८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गरियोस् र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई पारित गरियोस् भन्ने प्रस्तावलाई बहुमतले पारित गरेको हो।

मन्त्री काफ्लेले पेस गरेको उक्त प्रस्तावलाई सभामुख भुवनकुमार पाठकले निर्णयार्थ पेस गर्नुभएको थियो ।

सभामुख पाठकले निर्णायार्थ पेस गरिएको उक्त प्रस्तावको पक्षमा रहेर सत्तारुढ दलका सांसदहरुले हुन्छ भनेका थिए भने प्रतिपक्षका सांसदहरूले हुन्न भनेका थिए ।हुन्छ भन्ने प्रस्तावको पक्षमा बढी सांसद रहेकाले सभामुख पाठकले सरकारको विनियोजन विधेयक र अर्थ विधेयक बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

बैठकमा प्रदेशसभाका प्रदेशसभा सदस्यहरु देवेन्द्र श्रेष्ठ, प्रेम पुलामी, रुकु चौलागाई, सुष्मा भुजेल, उर्मिलाकुमारी लामा र सिर्जना सायजुले खर्च कटौतीको प्रस्ताव दर्ता गराउनुभएको थियो ।

त्यसअघि प्रदेशसभामा सरकारको जेटमाथि सांसदहरूले आइतबार र आज धारणा राख्नुएको थियो । रासस

# कृषि कर्जालाई सरलीकृत गरिदिन मन्त्री अधिकारीको आग्रह

काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले कृषि कर्जालाई सरलीकृत बनाउने गरी आवश्यक प्रबन्ध गरिदिन नेपाल राष्ट्र बैकलाई आग्रह गर्नुभएको छ । केन्द्रीय बैकका गर्भनर डा विश्वनाथ पौडेलसँगको आइतबार भएको छलफलमा मन्त्री अधिकारीले कृषिमार्फत गरिबी हटाउनका लागि बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने भएकाले साना किसानले पनि सरल र सहज किसिमले ऋण प्राप्त गर्ने प्रावधानको आवश्यकता औंल्याउनुभयो ।

"कृषि ऋणको सही उपयोग भयो कि भएन यसको प्रभावकारी अनुगमनका लागि म नेपाल राष्ट्र बैक समक्ष अनुरोध गर्दछु" मन्त्री अधिकारीले भन्नुभयो । मन्त्री अधिकारीले कसैले ऋण नपाउने पाउनेले अन्य प्रयोजनमा लगाउने अवस्था आउन नहुनेमा जोड दिनुभयो ।

सरकारी स्वामित्वका बैंकहरुले पनि कृषि कर्जा बढाउनुपर्ने र राष्ट्र बैंकको कृषि कर्जा सम्बन्धमा गरिएको व्यवस्थाको पालना उनीहरुले गर्नपर्नेमा मन्त्री अधिकारीले जोड दिनुभयो ।

नेपाल राष्ट्र बैंकका गर्भनर डा पौडेलले हाल कृषिमा भएको लगानीको सदुपयोग हुन नसकिरहेको सन्दर्भमा आफनो पनि चासोको विषय भएकाले प्रतिफल आउने गरी काम गर्न जरुरी रहेको बताउनुभयो । किसानलाई व्यावसायिक नवनाई कृषिमा भएको लगानीको प्रतिफल प्राप्त हुन नसक्ने भएकाले प्रतिफल आउने गरी लगानीको आवश्यकतामा गर्भनर डा पौडेलले जोड दिनुभयो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : तपाईका लागि आजको दिन राम्रो छ। उपचारमा भए औषधी नियमित गर्नुपर्दछ।
वृष : राजनीतिमासक्रियभएसरकारकाप्रमुख निकायमा नियुक्तिको सम्भावना छ।
मिथुन : शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। परीक्षा लेखेको भए राम्रो नतिजा प्राप्त हुनेछ।
कर्कट : राजनीतिक क्षेत्रमा भन्दा व्यापारमा फाइदा हुनेछ।
सिंह : परिवारको साथमा महत्वपूर्ण काम बन्नेछ। सहकर्मीको साथ मिल्नेछ।
कन्या : आज धनलक्ष्मी योग परेको छ। सञ्चित धनको सदुपयोग गर्नुपर्ने दिन छ।
तुला : विरोधी समूह सक्रिय भए पनि मिहिनेतको फल प्राप्त हुनेछ।
वृश्चिक : श्रम गरेको क्षेत्रबाट पारिश्रमिक प्राप्त हुनेछ।
धनु : हरेक काममा निरन्तर प्रयासको खाँचो देखिन्छ।
मकर : बौद्धिक व्यक्तिसंगको भेटले मनमा खुशी मिल्नेछ।
कुम्भ: बिहान उठेर शिवको भजन मात्र सुन्न सकेमा व्यापारमा नाफा हुनेछ।
मीन : आज सामान्य दैनिकीमा रमाउनु पर्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको भङ्गहा नगरपालिका-४ का किसानले खेतमा लगाएका चैतेधान खेती । तस्विर : रासस

# अनिवार्य र नि:शुल्क शिक्षा सुनिश्चित गर्न अखिल क्रान्तिकारीको माग

काठमाण्डु । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने संवैधानिक व्यवस्थालाई विद्यालय शिक्षा विधेयकमा समेट्न प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको ध्यानाकर्षण गराएको छ ।



अखिल (क्रान्तिकारी) का अध्यक्ष विजयप्रकाश शर्मा सापकोटासहितको प्रतिधिमण्डलले सोमबार समितिका सभापति अम्मरबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै विधेयकमा शिक्षकको आत्मसम्मानको कदर तथा सेवसुविधा समायानुकूल बनाउन आग्रह गरेको हो । सङ्गठनले शत्प्रतिशत खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिको सुनिश्चितता गर्न पनि माग गरेको छ ।

क्रान्तिकारीले परम्परागत रुपमा चलिरहेका धार्मिक विद्यालय मदरसा, गुम्बालगायतका विद्यालयलाई समकक्षता र यस्ता विद्यालयलाई मूलधारमा ल्याउने बारेमा थप स्पष्टता गर्न सुझाव दिएको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख मदन ढकालले जानकारी दिनुभयो । ज्ञापत्रपत्रमा राष्ट्रिय पाठ्यक्रम परिषद् र पाठ्यक्रम विकास केन्द्रलाई गाभेर एउटा निकाय कायम गर्न सुझाव दिइएको छ ।

ऐन प्रारम्भ भएपछि पाँच देखि १० वर्षभित्रमा निजी विद्यालय अनिवार्य रुपमा शैक्षिक गुठीमा रुपान्तरण गरी सञ्चालन गर्नु आवश्यक रहेको औंल्याउँदै क्रान्तिकारीले निजी गुठीका रुपमा सञ्चालित विद्यालय १० वर्षभित्र सार्वजनिक गुठीमा रुपान्तरण गरी सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ ।रासस

# राष्ट्रभाव झल्कने सातै प्रदेशका गीत सार्वजनिक

काठमाण्डु । नेपाल सङ्गीत तथा नाट्य-प्रतिष्ठानले सोमबार राष्ट्रियता झल्किने सात प्रदेशका उत्कृष्ट सात गीत र दुई वटा ‘म्युजिक भिडियो’ सार्वजनिक गरेको छ ।

देशभरबाट छानिएका र मौलिक संस्कृति झल्कने ती गीतसँगै सङ्गीत सार्वजनिक हुँदा गायक, सङ्गीतकार, गीतकार, कलाकार, मोडल तथा पत्रकारको उपस्थिति थियो । साङ्गीतिक माहोलका बीच दुई वटा म्युजिक भिडियो र सात वटा अडियो रेकर्ड भएका राष्ट्रिय भावनाले ओतप्रोत गीत सार्वजनिक गरिएको हो ।

नक्सालस्थित प्रज्ञा-प्रतिष्ठानको कार्यालय भवनमा आयोजित कार्यक्रममा ‘तीते तीते...’ र ‘लहविरे भाका’को गीतको म्युजिक भिडियो सार्वजनिक गरियो । गणतन्त्र दिवस २०८१ का अवसरमा आयोजना गरिएको राष्ट्रिय गीत लेखन प्रतियोगितामा विजयी सातै प्रदेशका राष्ट्रिय भावनाले ओतप्रोत गीतको अडियो रेकर्ड गरिएका भिडियोका निर्देशक र गीतका गीतकार, सङ्गीतकार र गायक गायिकालाई सम्मान गरेको छ ।

**कुन गीतका सर्जक को ?**

सार्वजनिक भएका भिडियोमध्ये शिक्षासम्बन्धी चेतना फैलाउने ‘तीते तीते...’ गीतको म्युजिक भिडियो अभि लामाले निर्देशन गर्नुभएको हो । यसको रचना प्रकाश सापकोटा, सङ्गीत महेश खड्का र गायन शान्तिश्री परियारको रहेको छभने कलाकारमा बिना रावत र अलि तामाङ छन् ।

त्यसै गरी पूर्वी पहाड ओखलढुङ्गाका वायुङ, थुलुङ र वाम्बुले समुदायले गाउँदै आएको लोपोन्मुख लहबिरे भाकाको गीतमा सङ्गीतकार लाहाङ सुब्बाको सङ्गीत संयोजन र गायक कुमार प्रयास, परेश राई र तेजकुमार राई तथा गायिका इन्द्रकला राई, मनमाबी राई र रश्मी राईको स्वर रहेको छ । यस गीतको म्युजिक भिडियो पनि निर्देशक अभि लामाले निर्देशन गर्नुभएको हो । राष्ट्रिय



पनि सार्वजनिक गरिएको हो ।

उक्त समारोहमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेलले राष्ट्रिय भावना र जनचेतना अभिवृद्धिका लागि म्युजिक भिडियो र गीत रेकर्ड गरिएको बताउनुभयो । उहाँले सुरुमा तीन वटा मात्रै गीत छनोट गर्ने कुरा भए पनि असाध्यै राम्रा प्राप्त भएकाले बजेट अभावका बीच पनि सातवटा छनोट गरिएको बताउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भू राईले विदेशी संस्कृतिको हस्तक्षेप बढिरहेको सन्दर्भमा मौलिक नेपाली संस्कृतिको जगेर्ना र अभिवृद्धिका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सार्वजनिक गरिएका म्युजिक भिडियो र अडियो प्रज्ञा-प्रतिष्ठानको ‘अफिसियल युट्युब च्यानल’मा अपलोड गरिएकाले हेरेर प्रतिक्रिया दिन अनुरोध गर्नुभयो ।

प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव कुश्मा महरा ‘प्रगति’ले अडियो रेकर्ड गरिएका सात वटै गीतको ‘भिजुअल’ बनाउने प्रतिबद्धता जनाउनुभयो । प्रतिष्ठानले आजै सार्वजनिक गीत लेखन प्रतियोगिता-२०८१ मा छनोट भएका सात प्रदेशका गीतमा कोशी प्रदेशबाट तेजकुमार राईको शब्दमा महेश खड्काको सङ्गीत, सन्दीप पनेरु र प्रिया पोखरेल पनेरुको स्वर छ ।

मधेस प्रदेशबाट लिलाराज दाहालको शब्द रचनामा बसन्त सापकोटाको सङ्गीत, प्रल्हाद तिमल्सिना र मनिसा सुनारले स्वर भर्नुभएको छ । त्यसैगरी बागमती प्रदेशबाट सृजना अर्यालको शब्दमा शान्तिराम राईको सङ्गीत तथा रोशन राईको गायन रहेको छ । लुम्बिनी प्रदेशबाट बसन्तकुमार आचार्यको गीतमा आशीष अविरलको सङ्गीत र स्वर छ । कर्णाली प्रदेशबाट क्षितिज समर्पणको गीतमा महेश खड्काको सङ्गीत, मिलन खपाङ्गी र मिना चौधरीले स्वर भर्नु भएको छ ।

सुदूरपश्चिमबाट धिरन नाथको गीतमा शान्तिराम राईको सङ्गीतमा रोशन राईको स्वर रहेको छभने गण्डकी प्रदेशबाट बाबुराम श्रेष्ठको गीतमा श्रीकृष्ण बम मल्लको सङ्गीत, लक्ष्मी मल्ल, सारिका घिमिरे, उषा गजुरेल र योगेश काजी शाहले स्वर दिनुभएको छ ।कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका चार कर्मचारीलाई पनि सम्मान गरिएको थियो ।रासस

# विदेशमा श्रम गर्न जानेलाई गरिएको ठगीको नियमन गर्न सांसदको माग

काठमाण्डु । सांसदहरुले वैदेशिक रोजगारीमा गएका नेपालीमाथि म्यानपावर कम्पनीलगायतले ठगी गरिरहेको उल्लेख गर्दै दोषीलाई कारबाहीको माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा सांसद रमा कोइराला पौडेलले मलेसियामा रहेका चार लाख नेपालीले दुःख पाएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । वैधानिक बाटोबाट सुरक्षा गार्डको काममा गएकालाई सम्झौताभन्दा कम पारिश्रमिक दिएको पाइएकाले दोषीलाई कारबाही गर्न माग गर्नुभयो ।

विदेशमा पनि केहीले मिटरब्याजका नाममा श्रमिकको शोषण गरिरहेको आफूले मलेसिया भ्रमणका क्रममा पीडितहरुबाट जानकारी पाएको उल्लेख गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सूर्यबहादुर थापा क्षत्रीले संसदीय छानबिन समितिको प्रतिवेदनका आधारमा सहकारी ठगीमा मुछिएकालाई कानुनी कारबाहीको दायरामा ल्याउन संरचना निर्माण भए पनि भइरहेका गतिविधिका बारेमा नियमित रुपमा संसदमा जानकारी गराउन माग गर्नुभयो । सहकारी ठगी गरी विदेशमा गएकालाई पक्राउको प्रक्रिया सुरु गर्नुपर्ने र यससम्बन्धी विवरण गृहमन्त्रीले नियमित रुपमा संसद्मा जानकारी गराउनुपर्ने उहाँको माग छ ।

सांसद महेन्द्रबहादुर शाहीले कर्णाली राजमार्गको सुधार गर्न माग गर्नुभयो । त्रिभुवन विश्वविद्यालयमा देखिएका समस्या समाधान गर्न पनि सांसद शाहीले सरकारको ध्यानाकर्षण गराउनुभयो । केही दिनअघि संसदीय समितिबाट अवलोकन भ्रमणमा जाँदा विश्वविद्यालयको महिला छात्रावासलगायत स्थलमा समस्या देखिएकाले त्यसको समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद मेटमणि चौधरीले दाङको लमही बजारलाई व्यवस्थित गर्न माग गर्नुभयो । सांसद रञ्जुकुमारी झाले मधेस प्रदेशको सर्लाही प्रहरी प्रमुखले असार ९ गते पूर्वप्रदेशसभा सदस्यको घर परिवारलाई गरेको व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । उक्त घटनाबारे सत्यतथ्य छानबिन गर्न उहाँको माग छ ।

**समसामयिक विषयमा सरकारको ध्यानाकर्षण**

प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसदहरूले कृषकले मल नपाएको, दूधको रकम भुक्तानी हुननसकेको, सडक, विपद् व्यवस्थापन तयारीदेखि सङ्घीय निजामती विधेयकमा ‘कुलिङ पिरियड’ सम्बन्धी विवादलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा सांसद अच्युतप्रसाद मैनालीले विगत छ महिनादेखि दुग्ध विकास संस्थान र निजी डेरीबाट किसानले पाउनुपर्ने करिब रु पाँच अर्ब भुक्तानि नपाइरहेको भन्दै तत्काल रकम उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले



पशुपालन किसानले पाउने सहुलियतपूर्ण कर्जा, पशु बिमा आदिलाई ‘डिजिटल’ प्रणालीमार्फत गर्न माग गर्नुभयो ।

सांसद अनिता देवीले धनुषाको बटेश्वरमा स्थानीयले आँपको प्रवर्द्धन, बजारीकरण, आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्न उद्देश्यले आँप बगैंचामा आयोजना गरेको आँप मेलाको प्रवर्द्धनका साथै आँपखेतीप्रति आकर्षण, दीर्घकालीन भण्डारण र बजारीकरणको प्रबन्ध गरिदिन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद अमनलाल मोदीले राज्य व्यवस्था समितिबाट पारित भएको निजामती विधेयकमा कुलिङ पिरियडमा भएको घटनालाई मध्यनजर गर्दै राज्यका अन्य नीति तथा विधेयकहरूमा पनि तलमाथि हुनसक्ने विषयलाई ख्याल गर्दै छानबिन समिति गठन गरिनुपर्ने माग गर्नुभयो ।

सांसद अम्मरबहादुर थापाले बाग्मती सफाइ अभियानले सफाइ गरेको गरै भए पनि बाग्मती ढलमतीमा ढल बगिरहेकातर्फ ध्यानाकर्षण गराउँदै बाग्मती सफाइ अभियान प्रभावकारी बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद अम्बरबहादुर रायमाझीले सिन्धुलीको भिमानदेखि उदयपुरको बसाहसम्म झन्डै १३७ किमी सडकमा सवारी दुर्घटना बढेको, सडक साँघुरो र ट्राफिक व्यवस्थापन फितलो रहेका कारण यात्रा त्रासदायी र असुरक्षित रहेको भन्दै उक्त सडकमा आवश्यक सुरक्षाको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद डा अमरेशकुमार सिंहले दक्षिणतर्फका सीमानाकामा पर्यटकमाथि अभद्र व्यवहार हुने गरेको भन्दै नाकामा पर्यटक प्रहरीको व्यवस्था गरी पर्यटकमैत्री सेवा प्रदानको सुनिश्चित गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अमृतादेवी अग्रहरिले किसानलाई समयमा नै मलखादको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ईश्वरबहादुर रिजालले २०७८ सालको असार र साउन महिनामा सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बुमा गएको बाढीले २४ जनाको ज्यान गएको र २४ जनाको घर क्षति बनाएको तथा अहिले पनि पुनः निर्माणको काम नसकिएको भन्दै यथाशीघ्र सम्बोधन गर्न तथा हेलम्बुको चनौटेमा २०० मिटर बाँध बाँधेर स्थानीय बस्ती सुरक्षित गर्न माग गर्नुभयो ।

सांसद ईश्वरी घर्तीले देश सङ्घीयतामा प्रवेश गरेको करिब १० वर्ष पुग्न लागे पनि मालपोत, नापी, नागरिकता, लाइसेन्स, राष्ट्रिय परिचयपत्र आदि नागरिकको सेवालाई जनताले सहजै रुपमा पाउन नसकेको भन्दै पायक पर्ने स्थानबाट ती सेवा पाउने व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद उर्मिला माझीले देशभर बढ्दो बाढी र पहिरोको जोखिमतर्फ सरकारको ध्यानाकर्षण गराउँदै विपद् व्यवस्थापन, अस्थायी बसोबास आदिको भरपर्दो प्रबन्ध गर्न सरकारसमक्ष माग गर्नुभयो ।सांसद एकनाथ ढकालले हाल कूटनीतिक सम्बन्ध भएका मुलुकको सङ्ख्या १८२ रहेको र बाँकी ११ राष्ट्रहरूसँग पनि कूटनीतिक सम्बन्ध स्थापित गरी संयुक्त राष्ट्रसङ्घको १९३ वटै सदस्य राष्ट्रसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना गर्न परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कान्तिका सेजुवालले नेपाल औषधि व्यवस्था लिमिटेडको उत्पादिन औषधिको बजारीकराणको व्यवस्था गर्न तथा त्रिविअन्तर्गतका छात्रावास खानपिनको राम्रो प्रबन्ध गर्न र सेनेटरी प्याडको व्यवस्था गर्न माग गर्नुभयो । सांसद कालुराम राईले मोरङको कानेपोखरी, बेलबारी वन क्षेत्रमा पाइने विश्व वन्यजन्तु संरक्षणको लोपोन्मुख सूचीमा परेको ‘कालो नरम खबटे’ कछुवा संरक्षणका लागि सरकारसमक्ष माग गर्नुभयो ।

सांसद किरणकुमार साहले मोहम्मद आफ्ताव आलमलाई उच्च अदालत जनकपुरको कार्यालय वीरगञ्जले सफाइ दिएको घटना विवादित बनेको भन्दै उक्त आदेश दिन न्यायाधीशलाई महाअभियोग प्रक्रिया अगाडि बढाउन माग गर्नुभयो ।

सांसद गोकुलप्रसाद बास्कोटाले बनेपाको पुन्यमाता करिडोरको एक पुल बगाएको र अहिले वैकल्पिक बाटो अवरोध भएको भन्दै उक्त सडकमा रु पाँच लाख मात्र बजेट विनियोजन भएको भन्दै तत्काल बजेट प्रबन्ध गरी सडक मर्मत गर्न माग गर्नुभयो । साथै उहाँले किसानलाई तत्काल मलको प्रबन्ध गर्न सरकारसमक्ष माग गर्नुभयो ।

सांसद डा चन्द्रकान्त भण्डारीले एसइई पास गरेका विद्यार्थी नर्सिङ र प्यारामेडिकल पढ्नबाट वञ्चित भइरहेको भन्दै नेपालमा नै अध्ययनको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद छिरिङल्हामु लामा (तामाङ) ले दैलेखमा पत्ता लागेको मिथेन ग्यासको उत्खननका लागि सरकारसमक्ष माग गर्नुभयो । सांसद जनार्दन शर्माले ‘डाक्टरहरू अस्पतालमा छैनन् बिरामी समस्यामा छन्’, न्यायालयमा हेरफेर, कानुनमा तलमाथि हुने तथा न्यायपरिषद्को सिफारिस विभेद भइरहेको भन्दै यसप्रतिको जवाफदेही हुने भनी प्रश्न गर्नुभयो ।

सांसद अर्जुननरसिंह केसीले राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत्तिले पारित विधेयकमा फेरबदल हुनु संसद्को अपमान र असक्षमता हो भन्दै यसको वास्ताविकता छानबिन गरी सदनलाई जानकारी गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद छिरिङडाम्डुल लामाले हुम्लामा बेलिब्रिज पुल उद्घाटन भएको र यसले हुम्लाको विकासको ढोका खोलेको भन्दै हुम्लीको विकासमा ध्यान दिएकामा सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**आन्दोलनरत चिकित्सकका माग सम्बोधन गर्न सांसदको माग**

सांसदहरुले भूकम्पबाट क्षतिग्रस्त घरहरुको पुनःनिर्माणलाई तीव्रता दिन र आन्दोलनरत चिकित्सकको मागप्रति गम्भीर हुन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बैठकमा उपलब्ध आकस्मिक समयमा सांसद डा सुनिलकुमार शर्माले देशभरको सरकारी अस्पतालको सेवा प्रभावित हुँदा सेवाग्राही मारमा परेकोबारे सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो । उपभोक्ता अदातलसम्बन्धी विषयमा असन्तुष्टि जनाउँदै नेपाल चिकित्सक सङ्घले घोषणा गरेको आन्दोलनले बहिरङ्ग (ओपिडी) सेवा बन्द हुँदा बिरामीहरु मर्कामा परेको उहाँको भनाइ छ । आन्दोलनरत चिकित्सकहरुको मागप्रति गम्भीर हुन सरकारसँग आग्रह गर्दै सांसद डा शर्माले चिकित्सकको दरबन्दी बढाउनसमेत माग गर्नुभयो ।

“मेडिकल काउन्सिलमा परीक्षा दिएर शल्यक्रियाको अधिकार दिने र त्यो चिकित्सकको शल्यक्रिया ठीक छ छैन भनेर निर्णय गर्न दिने उद्योग मन्त्रालयअर्न्तगत बनेको कानुन र नन-मेडिकल मान्छेहरुले गर्ने ?”, सांसद डा शर्माले भन्नुभयो, “चिकित्सकको काम कारबाहीका बारेमा यसरी निर्णय गर्ने विषय लजास्पद र दुखद् हो ।”नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले भूकम्पले क्षतिग्रस्त घरहरुको पुनःनिर्माण तीव्र गतिमा अघि बढाउन सभामुखमार्फत सरकारको ध्यानार्कषण गरानउनुभयो ।

सांसद बस्नेतले जोखिमपूर्ण बस्तीलाई सुरक्षित रुपमा पुनःस्थापना र भूकम्पपीडित नागरिकको जीवनरक्षा एवं सम्मानजनक पुनःस्थापनाको माग गर्नुभयो । पुनःनिर्माण व्यावहारिक नहुँदा यी घरहरुमा बसोबास गर्न जोखिमपूर्ण भएको उहाँले बताउनुभयो ।“जाजरकोटसहित भूकम्प प्रभावित जिल्लाका नागरिकहरु अस्थायी टहरामा जोखिमपूर्ण जीवन बिताइरहेको छन् । बाढीपहिरो र मौसमजन्य प्रतिकूलताले उनीहरुको पीडा झन गहिरिएको छ”, सांसद बस्नेतले भन्नुभयो, “भूकम्पले क्षतिग्रस्त घरहरुको पुनःनिर्माण ढिलाइ नगर्न आग्रह गर्छु ।”

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का चन्द्रबहादुर विश्वकर्माले भूकम्प प्रभावितको समस्या समाधानमा जोड दिन आग्रह गर्नुभयो ।नेपाली कांग्रेसका सांसद राजेन्द्र केसीले चोभार गल्छीको भूगोल र स्वरुप कुनै हालतमा परिवर्तन हुन नदिइने धारणा राख्नुभयो । उहाँले चोभारमा रहेको बागमती निकास गल्छी काट्ने विषयमा कुनै काम भएको भन्ने उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहको जवाफप्रति आभारसमेत प्रकट गर्नुभयो ।

“मन्त्री सिंह र बागमति सभ्यता र विपद् व्यवस्थापन निकायहरुसँग छलफल गर्दा त्यस्तो कुनै कार्यक्रम नगरिने जवाफ पाएँ, त्यसका लागि आभार व्यक्त गर्छु । भविष्यमा पनि यस्तो काम नहोस्”, सांसद केसीले भन्नुभयो । मञ्जश्री गल्छी धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको स्थान भएको उल्लेख गर्दै उहाँले यस स्थानलाई यसको संरक्षणलाई ध्यान राख्दै डुबानको जोखिम कम गर्ने उपाय खोज्नुपर्नेमा जोठ दिनुभयो । रासस

# योजना आयोग उपाध्यक्ष र राष्ट्र बैंकका गर्भनरबीच छलफल

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिबारे राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलबीच छलफल भएको छ ।

सोमबार आयोगमा भएको छलफलका क्रममा बजेटसँग समन्वय हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारीबारे कुराकारी भएको उपाध्यक्ष अधिकारीको सचिवालयले जनाएको छ ।


यस्तै, राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमा लैजानुपर्ने एजेन्डाका विषयमा पनि छलफल भएको जनाइएको छ ।

“छलफलका क्रममा उपाध्यक्ष अधिकारीले विद्यमान आर्थिक मोडल र कार्यशैलीका सन्दर्भमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताउनुभयो । यस्तै, दशकौंसम्म निर्माण सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजनालाई कसरी चाँडो सम्पन्न गर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको छ”, सचिवालयले जारी गरेको प्रेस नोटमा भनिएको छ ।

लक्षित आर्थिक वृद्धि हासिल गर्न प्रत्यक्ष आन्तरिक लगानी बढाउनुपर्नेमा पनि उपाध्यक्ष अधिकारीको जोड थियो । छलफलका क्रममा गभर्नर पौडेलले हाल अनुत्पादक क्षेत्रमा ठूलो आकारमा कर्जा लगानी भएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्न आवश्यक रहेको धारणा राख्नुभएको थियो ।

यस्तै, नेपाल सम्पत्ति शुद्धीकरण मामलामा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को खैरो सूचीमा परेकामा चिन्ता व्यक्त गर्दै उहाँले उक्त सूचीबाट चाँडो बाहिर निस्कन राष्ट्र बैंकले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै प्रयास गरिरहेको बताउनुभएको थियो ।

छलफलका क्रममा हाल लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने, कृषि क्षेत्रमा सहज रूपमा सहुलियत कर्जा प्रवाह हुनुपर्नेलगायत विषय उठेका थिए । यस्तै, बैंक तथा वित्तीय क्षेत्रका शाखाहरू सहरी क्षेत्रमा निकै बढी भए पनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अझै कमजोर रहेको, बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा बढेको, ब्याजदर घट्दा पनि अपेक्षाअनुसार कर्जा लगानी हुन नसकेकाजस्ता समस्या समाधान गर्नेगरी आगामी आवको मौद्रिक नीति ल्याइनुपर्ने आवश्यकता औंल्याइएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# असारको दबाबलाई कम गर्न सकिन्छ

असार महिनाको २५ गते सम्म सरकारी खर्चको भुक्तानी हुने अन्तिम समय हो । चालु आर्थिक वर्षको असार २५ गते सरकारी खर्चको भुक्तानी हुन नसके आगामी आर्थिक वर्षमा अधिकांश सरकारी कामको रकम भुक्तानी गर्न मिल्दैन । त्यसकारण असार महिनाको अन्तिम हप्ता सरकारी कार्यालयहरुमा अत्यधिक दबाब हुन्छ । वर्ष भरी विकास निर्माणको कार्यलाई नियमित रुपमा गर्ने चलन नै छैन । जेठ र असार महिनामा अत्यधिक बजेट खर्च गर्ने धेरै पुरानो चलन छ । देशमा कयौ व्यवस्था परिवर्तन भएको छ । कयौँ पटक संविधान बनेको छ । सत्ता परिवर्तनको त हिसाब नै छैन । देशमा धेरै क्षेत्रमा प्रशस्त बदलाव आएको छ । व्यवस्था नै कयौँ पटक परिवर्तन भइसकेको छ । तर देशमा जेठ र असार महिनामा हुने विकास व्यवस्थित हुन सकेको छैन । वर्षभरि बजेट थाती राखेर जेठ र असार महिनामा खर्च गर्ने क्रममा काममा व्यापक अनियमितता हुने गरेको छ । विकास निर्माणको काम पूर्ण नहुँदा काम र बजेट दुबै अलपत्र पर्छ । असारे विकास देशभरि नै बदनाम छ । तर पनि हरेक वर्ष असारमा नै काम हुने र बजेट खर्च हुने गर्छ । वर्ष भरि विकास निर्माणमा भएको खर्च भन्दा बढी रकम असार महिनामा नै खर्च हुने गर्छ । जेठ र असार महिनामा काम गर्दा ठेकदार, उपभोक्ता समिति, जनप्रतिनिधि र कर्मचारीमाथि चरम दबाब हुन्छ । कार्यालयमा काम गर्ने वातावरण हुँदैन । कर्मचारी, जनप्रतिनिधि, ठेकदार र उपभोक्ता समितिबीच विवाद हुने गर्छ । सर्लाही जिल्लामा देखिएको विवाद पनि त्यसै कारण भएको हो । निर्धारित समयमा योजना सम्पन्न नहुँदा भुक्तानीमा समस्या आउने गर्छ । त्यसपछि अर्को आर्थिक वर्षमा वक्यौता रकमको भुक्तानीमा विवाद हुने गर्छ । हरेक वर्ष उत्पन्न हुने समस्यालाई समाधान गर्न सरकारले ठोस नीति बनाउन आवश्यक छ । विकास निर्माणका लागि हरेक तहको सरकारले वार्षिक क्यालेण्डर बनाउन आवश्यक छ । क्यालेण्डर अनुसार नै विकास निर्माणको कार्य गरिए जेठ र असार महिना कुर्नु पर्ने छैन । त्यसले विकास निर्माणको प्रतिफल पनि राम्रो हुने र गुणस्तरीय काम पनि हुने भएकाले सरकारी बजेटको सदुपयोग हुनेछ । तर यसमा तीनै तहको सरकार गम्भीर हुनु पर्छ । प्रदेश सरकार र पालिकामा जेठ र असारको समस्या बढी छ । बजेट असार महिनामै स्वीकृत हुने तर काम अर्को जेठ असारमा हुने भएकाले दवाव बढनु स्वभाविक हो । संघीय कार्यालयहरुमा यस्तो अवस्था प्राय :देखिदैन । सरकारले व्यवस्थित रुपमा काम गरे असारको दवावलाई कम गर्न सकिन्छ ।

## ज्ञान शृङ्ला :

# सहजयान, मिथिला, मध्यकाल



रोशन जनकपुरी

मैथिली र भोजपुरी क्षेत्रमा 'ओनामासीधङ्ग, गुरुजी चितङ्ग', र ' भुसकौल' शब्द परिचित हास्य शब्द हो । पहिलो, कमजोर शिक्षक (गुरुजी) र अर्को पढनमा अत्यन्त कमजोर छात्र (कहिलेकाँही चौपट्ट मूर्ख समेत)को अर्थमा प्रयोग गरिन्छ । मलाई यी दुईवटा शब्दावलीहरु मैथिली र भोजपुरी भाषिक क्षेत्र (साँस्कृतिक ऐतिहासिक अर्थमा मिथिला)मा सामाजिक विकासको इतिहासमा ओझेलमा परिसकेको बौद्धमतको ऐतिहासिक 'सूत्र' जस्तो अनुभूत हुन्छ ।

'ओनामासीधङ', ओम नमः सिद्धम् को अपभ्रंश हो, जो मध्यकालीन सिद्ध सन्तहरुको स्तुतिमा रचिएको मन्त्र हो ; र 'भुसकौल' सहजयानी ८४ सिद्धसन्त कवि मध्येको एक प्रसिद्ध आचार्य कवि 'भुसुकपा'लाई व्राह्मणधर्म र शैवलगायतले उपहास गरि बोलाइएको प्रतीकात्मक शब्द हो ।

सहजयान बौद्धमतको महायान शाखाको एउटा सम्प्रदाय हो, जसको विकास मध्यकालमा (अनुमानित ईसाको आठौ शताब्दी) तिर भएको हो । महायानबाट विकसित अर्को सम्प्रदाय बज्रयान हो, जुन तत्कालीन नेपाल मण्डल र हालको काठमाँडौं उपत्यका (भक्तपुर, ललितपुर र काठमाडौं)मा वर्तमानमा पनि लोकप्रिय छ ।

आफ्नो अन्तिम निष्कर्षमा सहजयान र बज्रयान समान छन् र क्षेत्रीय प्रभाव, भुगोल र सामान्य दार्शनिक व्याख्याको दृष्टिले मात्रै भिन्न छन् । बज्रयानीहरुको विचारमा यस संसारमा सबै थोक शून्य छ, यसको कुनै नियन्त्रक छैन, सत्ता छैन ; यसलाई शून्यवाद भनिन्छ । अर्कोतर्फ सहजयानीहरुको विचारमा यस जगतका सबै पदार्थहरु असत्, क्षणिक भएपनि चित्तको निकट सबै सत् छन् ; यो विज्ञानवाद हो । बौद्धमतमा ' विज्ञान'को तात्पर्य विचार, वा विवेकयुक्त भाव हुन्छ । चौरासी सिद्धहरुमा बज्रयानी र सहजयानी दुबै यानका आचार्यहरु छन्, तर अधिकांश सहजयानीहरु छन् ।

विद्वानहरु अनुसार सहजयानको प्रभावकाल एघारौं शताब्दी सम्म रह्यो । नाथ सम्प्रदायको विकास तथा प्रभाव बढदै गएपछि यो मत ओझेलमा पर्दै गएको हो ।

सहजयानी चौरासीवटा सिद्धसन्तहरु मध्ये अधिकांश गंगाको पूर्वोत्तर, गण्डकीभन्दा पूर्व ब्रह्मपुत्रनदी सम्मको भूभागका थिए । सिद्धसन्तहरुको काव्यभाषा तत्कालीन लोकभाषा 'अपभ्रंश' थियो । यी अपभ्रंशहरु तत्कालीन प्राकृत र संस्कृतको साहचर्यबाट विकसित भएको थियो, जस्मा प्राकृतको अंश बढी थियो ।

भाषा वैज्ञानिकहरुका अनुसार यिनै अपभ्रंशका विविध क्षेत्रीय रुपबाट हालको मैथिली, भोजपुरी, अवधी, नेपाली, मगही, बंगाली, उडिया आदि हालका प्रचलित लोकभाषाहरु (नवभारोपीय आर्य भाषाहरु)को विकास भएको हो ।

सहजयान मतको प्रवर्त्तकको बारेमा मतैक्य पाइँदैन । केहीले 'लुईपा'लाई पहिलो सहजयानी आचार्य मान्छन् । तर प्रसिद्ध विद्वान राहुल सांकृत्यायन लगायतका अधिकांश विद्वानहरुले 'सरहपा'लाई सहजयानका प्रवर्त्तक मानेका छन् । मैथिली भाषा र साहित्यको विकासमा बीजकवि वा आदिकवि मानिने सरहपाको भाषा प्राचीन मैथिलीको अत्यन्त निकट देखिन्छ, र उनका अनेकौं वाक्यांशहरु मैथिली नै बुझिन्छन् ।

चुरे शृङ्खलाभन्दा उत्तर नेपालको तराई मधेशदेखि गंगाको उत्तरी मैदानी क्षेत्रमा सहजयानी मत ओझेलको ऐतिहासिक कारण गोरखिया नाथसम्प्रदाय, शैव, शाक्त, वैष्णवी, भागवत् (कृष्णकेन्द्रित) तथा रामानन्द आदि विविध सम्प्रदायप्रति आस्था राख्ने शासकहरु उदय र वर्चस्व विस्तार र संकुचन हो । अझ सौह्रौ शताब्दीपछि दक्षिण एसियामा केन्द्रिय शासनको रुपमा मुगलहरु तथा अठारौं शताब्दीमा ब्रिटिस शासनको प्रभावशाली उदयपछि त सहजयान पूर्णतः अन्धकारमा विलिन भएको थियो । लोकजीवनमा परोक्ष अपरोक्ष यसका प्रभावहरु भने कायम नै थिए ।

बौद्ध विहारहरुमा आचार्य र अनुयायीहरुले सामान्यतः बौद्ध धर्माचरणको रुपमा गोप्यरुपमा चर्चा गरेपनि आम जनमानस र बौद्धिक क्षेत्रमा यो मत उपेक्षित नै थियो । प्रख्यात बंगाली विद्वान महामहोपाध्याय हरप्रसाद शास्त्रीले सन् १९०७मा नेपाल भ्रमणको क्रममा सिद्धसन्तहरुका दोहाहरु र चर्यापदको खोजी गरेपछि र दसवर्षपछि 'बौद्धगान ओ दोहा'को नामबाट प्रकाशित गराएपछि यसतर्फ अन्य विद्वानहरुको ध्यान आकृष्ट भएको हो । शास्त्रीले यसलाई पुरानो बाङ्गलाभाषा मानेका थिए । तर भाषा दृष्टिबाट अध्ययनपछि विद्वानहरुले यस्मा मैथिली, उडिया, बांग्ला, मगही, भोजपुरी र अवधी समेत नवभारोपीय आर्य भाषाहरुको बीज रहेको स्वीकार गरे । कयौं विद्वानहरुले सिद्धसन्तहरु मध्येका प्राचीनतम् 'सरहपा' र 'कन्हपा'का रचनाहरुमा प्राचीन मैथिलीको सर्वाधिक प्रभाव स्वीकार गरेका छन् । यसरी नै बाह्रौं शताब्दीको सिद्धसन्त विनयश्रीको भाषा अपभ्रंशबाट मुक्त पूर्णरुपमा प्राचीन मैथिलीमा भएको जोसुकैले पनि सहजै चिन्न सक्छ । राहुल सांकृत्यायनले विनयश्रीको भाषालाई प्राचीन पूर्वी मैथिली भनेका छन् ।

इतिहासकारहरुका अनुसार ईसाको छैठौं-सातौं शताब्दीमा प्राचीन भारतमा हर्षवर्धनको कान्यकुब्ज साम्राज्यको अन्त, दक्षिण एसियाको इतिहासमा प्राचीनकालको अन्त र मध्यकालको सुरुआत मानिन्छ । यो समय एउटा विशाल साम्राज्यको विघटन र साना साना राज्यहरुको उदयको समय हो । यसले विविधखाले धर्म र सम्प्रदायको विकासको निम्ति अनुकूल स्थितिपनि सृजना गऱ्यो ।

यतिबेला बंगालमा पालवंशी शासकहरु बौद्ध मतावलम्बी हुनु सहजयानीहरुको निम्ति सौभाग्य थियो, तर पारम्परिकरुपमा ब्राह्मणधर्मसंग प्रतिरोध गर्दै आएको बौद्धधर्मको निम्ति शैवमतका पाशुपत लगायतका सम्प्रदायहरु र शाक्तहरु नयाँ गम्भीर चुनौती खडा गरिरहेका थिए । गंगानदीभन्दा दक्षिण मगधमा त त्यतिबेलापनि बौद्धमतकै प्रभाव थियो । गंगानदी वारी उत्तरतर्फ मिथिला र वैशालीमा समेत शैव र शाक्तको प्रभाव बढदै थियो ।

आठौं शताब्दीमा आदि शंकराचार्य र उनको अद्वैतवेदान्त मत सम्प्रदायगत्, राज्यसत्ता र दार्शनिकस्तरमा समेत बौद्धमतका आचार्यहरुको निम्ति गम्भीर चुनौती खडा गरिरहेको थियो । आदि शंकराचार्य शास्त्र र शस्त्र दुबैले युक्त दार्शनिक थिए । उनको अत्यन्त मेधावी दार्शनिकताले बौद्ध दार्शनिकहरुलाई चुनौती दिइरहेको थियो भने उनिसँगैका त्रिशूलधारी नागा (नाङ्गा) सन्यासीहरुको सैन्य जत्थाले फरकमतका शासकहरुलाई घुँडा टेक्न बाध्य पारिरहेको थियो । यसै द्वन्द्वमय समयमा सहजयानी मतको विकास भयो । सरहपा, आदि शंकराचार्यका समकालीन थिए । यहाँ रोचक तुलना के हुनसक्छ भने आदि शंकराचार्यको अद्वैतवेदान्त तत्कालीन शासकीय समाज अर्थात् अभिजात्यहरुमा विकसित भयो, भने सरहपाको सहजयानी मतले जनसामान्य लोकजीवनलाई बढी प्रभावित गऱ्यो । एघारौं शताब्दीमा नाथसम्प्रदायको विकासपछि सहजयान शासनसत्ताको केन्द्रबाट उपेक्षित हुँदै गएको कुरा माथी नै चर्चा गरिसकिएको छ ।

चुरेभन्दा दक्षिण गंगाको उत्तरी मैदानी क्षेत्रमा विविधखाले आक्रमण र चुनौती बढदै गएपछि अनेक सहजयानी आचार्यहरुले सहज र सुगम तराईको समथर भूमिबाट पलायन गरेर आश्रय खोज्दै दुर्गम काठमाडौं उपत्यका र तिब्बतसम्म पुगे । यसै भौगोलिक दुर्गमताको कारण बाहिरी दुनियाँको निम्ति उपेक्षित र अनजान हुँदैगएपनि काठमाडौं उपत्यका र तिब्बतमा बज्रयान र सहजयान सुरक्षित र, शासन र जनसामान्य दुबैको निम्ति लोकप्रिय रह्नसक्यो । काठमाडौं उपत्यकामा हिन्दुधर्मको आक्रामकताको कारण बौद्धमतको स्थिति चुनौतीपूर्ण रहेपनि तिब्बतमा भने अहिलेपनि बौद्धधर्म नै मूख्य धारामा छ । तिब्बतमा भने अहिलेपनि महायानी विशेष गरेर सहजयानी सम्प्रदायको प्रभाव छ, र सरहपा, अहिलेपनि श्रेष्ठतम् पुजनीय गुरु हुन् ।

> सहजयान बौद्धमतको महायान शाखाको एउटा सम्प्रदाय हो, जसको विकास मध्यकालमा (अनुमानित ईसाको आठौ शताब्दी) तिर भएको हो । महायानबाट विकसित अर्को सम्प्रदाय बज्रयान हो, जुन तत्कालीन नेपाल मण्डल र हालको काठमाँडौं उपत्यका (भक्तपुर, ललितपुर र काठमाडौं)मा वर्तमानमा पनि लोकप्रिय छ ।

मिथिला (अर्थात् हालको मधेश प्रदेशको भौगोलिक सीमा) र सहजयानी सम्प्रदायको भाषिक र साँस्कृतिक सम्बन्ध ऐतिहासिक छ । यद्यपि राजनीतिक, सांस्कृतिक, धार्मिक परिस्थितिहरुको आरोह-अवरोह र सिद्ध आचार्यहरुको पलायनको कारण हाल यो लोपको स्थितिमा छ ।

केही तथाकथित सनातनी विद्वानहरुले त यस क्षेत्रमा बौद्धमत कहिल्यै प्रभावमा नरहेको दावा समेत गर्ने गर्छन् । तर इतिहासबारे यो दावी यान्त्रिक भ्रमपूर्ण र स्वार्थपूर्ण हो ।

ओनामासीधङ्ग र भुसकौल जस्ता शब्दवाली तथा लोकजीवनमा मिश्रित लोकआस्था तथा जीवन मनोविज्ञानमा देहवादी मान्यताहरुको छनकले के बुझिन्छ भने दबाब खप्न नसकेर सहजयानी ज्ञानधारा र व्यवहार, हिन्दु धार्मिक व्यवहारमा मिसिँदै गएको हो । (हुनपनि हिन्दु धर्म आफूमा कुनै निश्चित धार्मिक सिद्धान्त होइन । यसले सिन्धु (हिन्दु) नदीभन्दा पूर्व अर्थात् हालको दक्षिण एसियाली भूभागमा इस्लामको आगमनभन्दा पूर्व विकसित तथा मिसिएको सबै धार्मिक र दार्शनिक चिन्तन र जीवन परम्पराको समुच्चय अभिव्यक्ति हो । पछिपछि इस्लाम र हिन्दु दुबैले दार्शनिकता, धर्म, लोकपरम्परा तथा अन्धविश्वास प्रायः सबै स्तरमा एक आपसमा प्रभावित गरको पनि पाइन्छ । यसको कारण, इतिहासमा राज्यसत्तामा हुने परिवर्तनको कारण हुने ठुला साना धार्मिक रुपान्तरणहरु हुन् ।)

मैथिली, भोजपुरी लगायत गंगाको उत्तरी मैदानी क्षेत्रको लौकिक समाजका जीवन व्यवहारलाई गम्भीरतापूर्वक नियाल्ने हो भने हिन्दु र सहजयानी बौद्धको अन्तर्घुलन सहजै अनुभूत गर्न सकिन्छ । गंगाको उत्तरी मैदानीक्षेत्र र हालको नेपाल तराईमा ब्राह्मणधर्म, शैव, शाक्त र नाथ सम्प्रदायको आक्रामक विस्तारको कारण सहजयानी सिद्धहरुका महामुद्रा (योगिनी)हरु लोकजीवनमा डोमिनियामाई, चमिनियामाई, संसारीमाई, बोधीमाई जस्ता विविध नामबाट चमत्कारी वनदेवीमा परिणत भइन् । महायान र बज्रयानका अवलोकितेश्वर विष्णुका अवतारमा स्वीकृत भए र तारा सरस्वतीको समतुल्य वीणापाणि विद्याकी देवीमा परिणत भइन् ।

सहजयानको अवरोहको एउटा कारण यसका अनुयायीहरुमा अतिसय भोगाचार र कामुक अनाचार बढदै जानु पनि हो । यसैलाई आधार बनाएर नाथसम्प्रदायले आफूलाई सहजरुपमा विकसित गर्न सक्यो । नाथसम्प्रदायका योगीहरुले भाषा, रुपक र दार्शनिक भावतत्व सिद्ध साहित्यबाट ग्रहण गरे । फरक के थियो भने सहजयानी सम्प्रदायका सिद्धहरुले स्त्रीदेहसंगको सहवासमा अनासक्त भावबाट महासुख वा परमानन्द बोधको व्याख्या गर्थे, भने नाथयोगीहरु स्त्रीलाई आध्यात्मिक मुक्ति (परमानन्द, मोक्ष)को मार्गमा बाधक मानेर ब्रह्मचर्य र वैराग्यको वकालत गर्थे ।

सहजयानका प्रवर्त्तक आचार्य सरहपा देहवादी सांसारिक प्रवृत्तिको मानवीय अज्ञेयवादी आचार्य हुन् । सहजयानी चौरासी सिद्ध सन्तहरुको नामावाली बारे विविध स्रोतहरुमा सामान्य विभेद पाइन्छ । तरपनि अधिकांश नामावलीमा 'कालपा' अन्तिम नाम हो ।

यद्यपि बाह्रौ शताब्दीमा विनयश्री नामक एउटा सिद्धाचार्य उल्लेखनीय नाम पाइन्छ । विनयश्रीले काठमाडौंको बाटो भएर तिब्बतसम्म पुगेर सहजयानी ग्रन्थहरुलाई तिब्बती भाषामा अनुवाद गरे र अन्यसँग अनुवाद गर्न लगाए ।

काठमाडौं उपत्यका र तिब्बतमा पाइने दस्तावेजहरुमा विनयश्रीका साथी र गुरुभाईहरुमा विभूतीचन्द्र, सुगतश्री, दानीशील आदि कयौं सहजयानी सन्तहरु छन् । काठमाडौं उपत्यका, तिब्बत र भुटानका गुम्बाहरुमा उनीहरुको दोहा र चर्यागीतहरु गाइने गरिन्छ ।

हुन त अहिले हिन्दुधर्म सत्ता र लोक दुबै स्तरमा आक्रामक र प्रभावशाली छ, तरपनि मैथिली र भोजपुरी समाजको मध्यकालीन सामाजिक साँस्कृतिक इतिहासको खोजीमा यस क्षेत्रमा सहयजानी बौद्धको इतिहास महत्वपूर्ण कडी हुनसक्ने देखिन्छ । अनुसन्धानकर्ताहरुले काठमाडौं उपत्यका र तिब्बतबाट सहजयान वा बज्रयानका अनेकौं ग्रन्थहरुको खोजी गरेका छन् । तर अहिलेपनि तिब्बतका गुम्बाहरुमा र काठमाडौंका अभिलेखालयमा सहजयानी ग्रन्थहरु, खोजीजनको प्रतीक्षामा छन् । यो दुरुह कार्य हो, व्यक्तिको प्रयत्नले सम्भव देखिँदैन । तर राज्य (संघ र प्रदेश)सत्ताले चाह्यो भने सम्भव छ ।

# उज्वेकिस्तानविरुद्धको खेल नेपाली महिला फुटबल टोलीका लागि अविस्मरणीय



राजु सिलवाल

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले उज्वेकिस्तानको तासकान्दमा सम्पन्न एएफसी महिला एसिया कप छनोट प्रतियोगितालाई कहिले बिर्सन नसक्ने प्रतियोगिताका रुपमा लिएको छ । टोलीका सदस्यहरुलाई फुटबल खेलबाट सन्यास लिइसकेपछि पनि सो प्रतियोगिताको नतिजाले पिरोलिरहने नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को भनाइ एकदमै मार्मिक छ । फुटबल मैदानमा सधैं दृढ देखिने साम्बालगायतका खेलाडीले उज्वेकिस्तानविरुद्धको खेल समाप्त भएपछि मैदानमै आँसु खसालेको देखेपछि नेपाली फुटबल प्रेमीहरुले नरमाइलो मानेका थिए ।

आज स्वदेश फर्कदासमेत महिला फुटबल टोलीका सदस्यहरुको अनुहारमा खुसी थिएन । सो टोलीका प्रशिक्षकहरुले पनि यो दुःखद क्षणलाई आगामी दिनमा पनि पक्कै बिर्सने छैनन् । नेपाली महिला फुटबल टोलीका लागि यो जत्तिको ठूलो प्रतियोगिता केही थिएन । यो अवसरलाई नेपाली टोलीले सही तरिकाले उपयोग गरेको थियो । सन् १९८६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आएको नेपाली महिला फुटबल टोलीले १००औं प्रतियोगिताका सिलसिलामा सबैभन्दा आक्रमक खेल खेल्दै हालसम्मकै सर्वाधिक गोल गर्न सफल भएको थियो । नेपाली महिला फुटबल टोलीको फाइटिङ स्पिरिटको सकारात्मक सन्देश सबैतिर फैलिएको छ । अन्तिम खेलमा उज्वेकिस्तानलाई कडा चुनौति दिँदा नेपाली टोली पेनाल्टी सुटआउटमा चुकेको थियो । नेपाल सम्भावित विजेताको अवसरबाट वञ्चित हुन पुग्यो । यसले नेपालको महिला फुटबलको आगामी मार्ग समेत अवरोध हुन पुग्यो ।

### क्षमायाचना

अखिल नेपाल फुटबल सङ्घले खेलको नतिजा चाहेको जस्तो नभएको जनाएको छ । सङ्घले सबैको सहयोगको कदर पनि गरेको छ ।

नेपाली टोलीकी स्ट्राइकर प्रिति राईले नेपालको पराजयपछि सामाजिक सञ्जालमार्फत सबैसँग माफी मागेकी छिन । धेरै प्रयास गर्दा समेत खेलमा विजयी हुन नसकेको भन्दै उनके नेपाल पराजित भएकामा माफी मागेक हुन् । नेपाली राष्ट्रिय फुटबल टोलीकी पहिलो कप्तान रमा सिंहको धारणा बेग्लै छ । उनले नेपाली महिला टोलीले खेल नहारेको धारणा व्यक्त गर्दै खेलको स्तर जितभन्दा माथि भएको बताइन् ।

### प्रशिक्षकको भूमिका

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेले आफ्नो नियुक्तिपछिको पहिलो जिम्मेवारीमै नेपाली महिला टोलीको खेलमा अत्यधिक सुधार गरेको स्पष्ट महसुस गराएका थिए । उनले खेलाडीहरुलाई किन सकिन्न र? भन्दै उत्पेरित गर्ने गरेका थिए । नेपाली खेलाडीहरुले तीनवटा खेलमा क्रमशः सुधार गर्दै लगेको देखिएको थियो । यसमा मुख्य प्रशिक्षकको भूमिका महत्वपूर्ण मानिएको छ । मुख्य प्रशिक्षकले मैदानमा होस वा ड्रेसिङ रुममा दिएको जिम्मेवारी र सिकाएको शैलीलाई खेलाडीहरुले पछ्याएका थिए । उज्वेकिस्तानसँग ३ गोलले पछि पर्दा पनि नेपालले गोल फर्काउन सक्नु सानो उपलब्धि होइन । तर पेनाल्टीमा चुक्नु नेपालका लागि दुर्भाग्य बन्न पुग्यो । गोल मेसिनका रुपमा सशक्त खेलाडी बनेर प्रशंशाको पात्र बनेकी कप्तान साम्बाले प्रहार गरेको पेनाल्टी बल दुर्भाग्यबस गोल पोष्टको पोलमा लागेर फर्कनु, आफ्नो टोलीमा प्रिति राई र रेखा पौडेलजस्ता स्कोरर हुँदा हुँदै प्रशिक्षकले गोलकिपर अन्जना रानामगरलाई पेनाल्टी प्रहार गर्ने अवसर दिनु जस्ता कारणले नेपालको आगामी अष्ट्रेलियाको यात्रा टुङ्गिन पुगेको कुरालाई नकार्न सकिन्न ।

### गोलकिपरलाई दबाब

मुख्य प्रशिक्षकले अन्जना रानामगरलाई लगातार तीन खेलमा खेलाउदाँ उनलाई पक्कै दबाब परेको थियो । यस्तो अवस्थामा गोलकिपर नर्भस हुनु स्वाभाविक थियो । यस अघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा एन्जिला तुम्बापो सुब्बाले गोलकिपरको रुपमा नेपालको प्रतिनिधित्व गर्नुका साथै गोल बचाउने सन्दर्भमा पनि नाम कमाएकी थिइन । खेलको ख्यातीकै कारण उनको जीवनीमा आधारित 'अन्जिला' नामक चलचित्र निर्माण गरी उनलाई अभिनेत्रीका रुपमा ख्यातीप्राप्त सिनेमा निर्देशक निर्मल चाम्सले डेब्यु गराएका थिए । तासकान्दको प्रतियोगितामा मुख्य प्रशिक्षकले एन्जिलालाई कप्तानबाट हटाउनुका साथै लगातार तीन खेलमा जगेडा गोलकिपरका रुपमा बेन्चमा राखेका थिए । शनिबारको महत्वपूर्ण खेलमा प्रशिक्षकले नेपाली गोलकिपरका बारेमा ध्यान दिएको भए नतिजा सकारात्मक आउने थियो भन्नेहरु पनि छन । रक्षात्मक पक्षका खेलाडीहरुले गोल पोष्ट जोगाउन नसक्नु, गोलकिपर अन्जना रानामगरले सम्भावित गोलको आंकलन गर्न नसक्नु, बल प्रहार हुँदा ढिलो ड्राइभ गर्नु जस्ता कारणले गोल भएका थिए । पेनाल्टी प्रदर्शन अतिनै महत्वपूर्ण थियो । यस्तो निर्णायक पेनाल्टी सुटआउटमा नेपालले ४ मध्ये २ मात्र पेनाल्टी गोल गर्न सक्नु दुर्भाग्य हुन पुग्यो ।

### साम्बाको सफलता

साम्बालाई कप्तानको जिम्मेवारी दिँदा पहिले बिबाद पनि भएको थियो । कप्तानको जिम्मेवारी पाएपछि आफू तीनवटै खेल खेल्नुअघिको राति सुत्न नसकेको स्वयम साम्बाले स्विकारेकी छिन् । एघार वर्ष महिला फुटबलमा बिताएकी साम्बाले यति ठूलो दबाब कहिल्यै पनि बेहोरेकी थिइनन । उनी टोलीका सबै खेलाडी कप्तान भएको मान्दछिन । सबैको सहयोगमा उनको नेतृत्वमा टोलीले नतिजा हासिल गर्न सफलता प्राप्त गरेको थियो । नेपाली राष्ट्रिय महिला टोलीको पहिलो पटक नेतृत्व गर्ने जिम्मेवारी पाएकी साम्बाले नेपाललाई एशिया कपमा प्रवेश गराउन नसकेपनि नेपाली टोलीलाई सशक्त टोलीका रुपमा मैदानमा उतार्न सक्नु उनको सफलता मान्न सकिन्छ । तासकान्दमा खेलेका तीनवटै खेलमा नेपालले विपक्षी टोलीहरुलाई कडा चुनौति दिएको थियो । विश्व बरियताका क्रममा ५१औं स्थानमा रहेको उज्वेकिस्तानलाई १००औं स्थानमा रहेको नेपालले रक्षात्मक वा आक्रामक दुवै पङ्तीका तर्फबाट यथोचित प्रतिस्पर्धा गरेको थियो । कप्तान साम्बाले यसपाली तीनवटै खेलमा ह्याट्रिक गरेर कीर्तिमान कायम गरेकी थिइन् । उनले अन्तिम दिनको खेलमा २४औं, ७१औं र ७३औं मिनेटमा लगातार तीन गोल गरेर प्रतियोगितामा तेस्रो ह्याट्रिक गरेर आफूलाई विश्वकै अब्बल दर्जाको खेलाडीका रुपमा परिचित गरेकी छिन् ।

### मौसमीको चुनौति

नेपाली खेलाडीहरुका लागि उज्वेकिस्तानको मौसम पनि चुनौति बन्न पुगेको थियो । अत्यधिक गर्मीका कारण पहिलो खेलमा ज्यादै कठिन महसुस गरेका नेपाली खेलाडीहरु दोस्रो तथा तेस्रो खेलसम्म आइपुग्दा बिस्तारै अभ्यस्त हुँदै गएका थिए । खेल अवधिमा रेफ्रीले खेल बीचैमा रोकेर कुलीङ ब्रेक दिने गरेका थिए । तापक्रम बढी भएको अवस्थामा खेल्नु पक्कै पनि सहज हुँदैन । यस्तो अवस्थामा रेफ्रीले खेल बीचैमा केही बेर रोकेर खेलाडीलाई पानी खाने समय दिन कुलिङ ब्रेक दिने नियम छ । यसले खेलाडीहरुको शरिरको तापक्रम नियन्त्रण गर्न सहयोग गर्दछ । तापक्रम बत्तीस डिग्री सेल्सियस पुगेपछि अत्यधिक तातो मानिन्छ । तापक्रम अत्यधिक बढेको अवस्थामा खेलाडीको सुरक्षाकाला गगि कुलिङ ब्रेक आवश्यक पर्दछ । उज्वेकिस्तानमा अहिले गर्मी मौसममा तापक्रम बढी भएकाले तातो र सुख्खा हुने गरेको छ । त्यो मुलुकमा सबैभन्दा बढी तापक्रम जुलाई महिनामा हुने गरेको छ । उज्वेकिस्तानका धेरै सहरमा यस महिनामा औसत दैनिक तापक्रम ३५ डिग्री सेल्सियस पुग्ने गरेको छ । तर जाडोयाममा भने अत्यधिक चिसो भइ तापक्रम माइनस एक डिग्री सेल्सियसदेखि माइनस ३ डिग्री सेल्सियससम्म झर्ने गर्दछ । एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ । तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिक जस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुङ्गिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ ।

# 'स्व कोइरालाले जनता नै सर्वोच्च शक्ति हुन भन्ने मान्यता स्थापित गर्नुभएको छ'



काठमाण्डु। नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले स्वर्गीय नेता गिरिजाप्रसाद कोइरालाले जनता नै सर्वोच्च शक्ति भएको मान्यता स्थापित गर्नुभएको बताउनुभएको छ।

जिपी कोइराला लोकतन्त्र सम्वर्द्धन केन्द्रद्वारा सोमबार आयोजित 'गिरिजाप्रसाद कोइराला र आजको राजनीतिक परिस्थिति' विषयक कार्यक्रममा उहाँले जीवनभर विश्राम नलिइ साहसिक र जनहितको पक्षमा राजनीतिक गर्ने कोइरालाबाट नेपाली युवाले प्रेरणा लिने थुप्रै विषय भएको धारणा राख्नुभयो।

पार्टीका पूर्वमहामन्त्री सिटौलाले भन्नुभयो, "विसं २०६२/६३ को आन्दोलनका कमाण्डर कोइरालले नेपालको राजनीतिक इतिहासमा जनताभन्दा माथि कोही छैन भन्ने मान्यता स्थापित गर्नुभयो । नेपालका राजनीतिक पार्टीले जनतालाई नै सर्वोपरि र सर्वोच्च ठानेर काम गर्नुपर्छ भन्नुभयो । उहाँ देश, जनता र पार्टीप्रति निष्ठावान भई सहमति, सहकार्य र एकताको भावना लिएर अघि बढ्नुपर्छ भनेर दृढ मान्यता राख्नुहुन्थ्यो।"

फरक विचार लिएर हिँडेका राजनीतिक दललाई पनि गोलबन्द गर्दै मुलुकलाई हिंसाको अवस्थाबाट निकास दिन उहाँ सफल भएको भन्दै राष्ट्रियसभामा नेपाली कांग्रेस संसदीय दलका नेता सिटौलाले सङ्घीयता, समावेशी लोकतन्त्र, समावेशीता कोइरालाको राजनीतिकको मूल आदर्श थियो भन्नुभयो।

गणतन्त्र घोषणा गर्ने प्रस्ताव पनि गिरिजाप्रसाद कोइरालाकै मन्त्रिपरिषद्ले गरेको घटना सुनाउँदै उहाँले उहाँले अब संविधानले निर्माण गरेका संरचनालाई जनताको पक्षमा क्रियाशील तुल्याउन गम्भीरतापूर्वक समीक्षा गर्न आवश्यक रहेकामा जोड दिनुभयो । उहाँकै कार्यकालमा तत्कालीन विद्रोही माओवादीले हतियार छोडेर शान्ति प्रक्रियामा अघि बढेको घटना सुनाउँदै पूर्वउपप्रधानमन्त्री सिटौलाले कोइरालाको जीवनबाट आजका युवापुस्ताले प्रेरणा लिनुपर्ने धारणा राख्नुभयो।

पूर्वमन्त्री भीमसेन दास प्रधानले नेपालको राजनीतिक इतिहासमा कोइरालालाई युगपुरुषका रूपमा सबैले स्मरण गरिरहने धारणा व्यक्त गर्नुभयो । पार्टीका केन्द्रीय सदस्य नैनसिंह महरले नेपाली राजनीतिक इतिहासमा गिरिजाप्रसाद परिवर्तनका धार बुझ्नसक्ने दूरदर्शी र आँटिलो व्यक्तिको रूपमा स्थापित हुनुभएको बताउनुभयो।

अर्का केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले पूर्वसभापति कोइरालाले अघिसारेका कदम र विचारलाई आत्मसात् नगर्दा पार्टीले बाटो बिराएको हो कि भन्ने प्रश्न उब्जिएको प्रतिक्रिया दिनुभयो ।केन्द्रीय सदस्य धना खतिवडाले कांग्रेस कमजोर हुन्छ भन्ने पक्षलाई आत्मसात् गर्दै रक्तपातपूर्ण अवस्थाबाट मुलुकलाई शान्तितर्फ डोहोऱ्याउन स्व कोइरालाले प्रदान गरेको नेतृत्वदायी भूमिका नेपाली राजनीतिमा सधैँ अमर रहने बताउनुभयो।

केन्द्रीय सदस्य तारामान गुरुङले राजनीतिक व्यवस्था परिवर्तन, शान्ति प्रक्रिया र मानवअधिकारको क्षेत्रमा पूर्वसभापति कोइरालाको नाम उच्च रहेको भन्दै सम्मान प्रकट गर्नुभयो ।केन्द्रीय सदस्य गुरु बरालले आफू र आफ्नो पार्टी हारे पनि देश र जनता कहिल्यै पछि पर्नुहुन्न भन्ने मान्यता राख्ने कोइरालाले देखाएको बाटो र मार्गलाई आत्मसात् गर्न जरूरी रहेको बताउनुभयो ।कोइरालाको १०२औँ जन्मजयन्तीको अवसरमा आयोजितउक्तकार्यक्रममासहभागी वक्ताले नेपालको लोकतान्त्रिक आन्दोलनमा कोइराला अथक योद्धा र शिखर व्यक्तित्वका रूपमा रहेको चर्चा गर्नुभयो ।रासस

# शोक प्रस्ताव पारित

काठमाण्डु। प्रतिनिधिसभाको सोमबारको बैठकले पूर्वसांसदद्वय गोविन्दप्रसाद शर्मा कँडेल र राम आयोध्याप्रसाद यादवको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ।

सभामुख देवराज घिमिरेले प्रस्तुत गर्नुभएको शोक प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो। बैठकले स्व शर्मा कँडेल र यादवको निधनप्रति शोक व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्नुका साथै परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ। प्रतिनिधिसभा सदस्यहरुले शोक व्यक्त गर्दै एक मिनेट मौन धारणा गर्नुभएको थियो।

पूर्वसांसद शर्मा कँडेल नेपाली कांग्रेसको तर्फबाट विसं २०५८ मा बागलुङ जिल्ला क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सदस्य हुनुहुन्थ्यो। प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका उहाँको ८७ वर्षको उमेरमा यही असार १५ गते असामयिक निधन भएको थियो।



राम अयोध्या प्रसाद यादव नेपाली कांग्रेसको तर्फबाट विसं २०७० मा बारा जिल्ला क्षेत्र नं १ बाट संविधानसभा सदस्यमा निर्वाचित सदस्य हुनुहुन्थ्यो। प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका यादवको ७२ वर्षको उमेरमा यही असार १८ गते वीरगञ्जस्थित हेल्थ केयर अवस्थामा उपचारको क्रममा असामयिक निधन भएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही असार २४ गते दिउँसो १ बजे बस्नेछ।

**प्रतिनिधिसभामा विधेयक टेबुल**

प्रतिनिधिसभाको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको छ। बैठकमा प्रतिनिधिसभाका सचिव हर्कराज राईले उक्त विधेयक टेबुल गर्नुभएको हो।


यस्तै, सभाका सचिव राईले क्रमशः विनियोजन विधेयक, २०८२, आर्थिक विधेयक, २०८२ र राष्ट्र ऋण उठाउने विधेयक, २०८२ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशको जानकारी गराउनुभयो ।त्यसअघि बैठकमा सभामुख देवराज घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभएको थियो।

**प्रतिवेदन पेस**

बैठकमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०८२ पेस भएको छ। समितिका सभापति कुसुमदेवी थापाले उक्त प्रतिवेदन पेस गर्नुभएको हो। बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट रक्षामन्त्री मानबहादुर राईले 'महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदन, २०८२' पेस गर्नुभयो।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले 'राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८२' प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो। सभामुख घिमिरेले उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि कुनै पनि विरोधको सूचना प्राप्त नभएकाले विधेयक प्रस्तुत गर्न अनुमति प्राप्त भएको छ। रासस

# प्रभावकारी प्रचारप्रसार गर्न प्रधानमन्त्री ओलीको आग्रह



काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले प्राकृतिक रूपमा सुन्दर, भौगोलिक रूपमा उर्बर, ज्ञान र संस्कृतिले सम्पन्न नेपालमा धेरैभन्दा धेरै विदेशी पर्यटक ल्याउन प्रभावकारी प्रचारप्रसार गर्न आग्रह गर्नुभएको छ।

पार्टीको केन्द्रीय पर्यटन तथा नागरिक उडड्यन विभागद्वारा सोमबार आयोजित 'नेपालमा पर्यटनः अवस्था, चुनौती र सम्भावना' विषयक राष्ट्रिय गोष्ठीमा उहाँले नेपाल पर्यटन बोर्ड, पर्यटन विभागजस्ता संस्थाबाट परम्परागत शैलीमा नभई आधुनिक (डिजिटल) शैलीमा नेपालका वैभव र रमणीय स्थलबारे आक्रामक प्रचार हुनुपर्नेमा जोड दिनुभयो।

"हामीले विश्वलाई भन्न सक्नुपर्छ, बेस्सरी पैसा कमाएर मात्रै हुँदैन, वास्तविक जिन्दगी जिउनुपर्छ । साँच्चैको हिमाल कस्तो हुन्छ हेर्नुपर्छ । त्यहाँको चिसो कस्तो हुन्छ, थाहा पाउनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले विश्वलाई भन्न सक्नुपर्छ, हात्ति चढेर गैंडा हेर्दा वास्तविक आनन्द थाहा हुन्छ, त्यसकारण नेपाल भ्रमण गरौं।"

उहाँले पर्यटन पूर्वाधार विकासका लागि सरकारले प्राथमिकता दिएको जनाउँदै पर्यटनमैत्री वातावरण बनाउन सरोकार भएका पक्षले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री ओलीले धर्ममा विश्वास गर्ने नगर्नु मानिसको स्वतन्त्र अधिकार भए पनि भगवान राम नेपालमा जन्मिएको र सीताको मरण यही भूमिमा भएकाजस्ता ग्रन्थमा उल्लेखित कुरालाई डिजिटल सामग्री बनाएर विश्वमाझ प्रचारप्रसार गर्न डर मान्नुनपर्ने स्पष्ट गर्नुभयो। "रामको पवित्र जन्मभूमि नेपाल हो भन्न हामी किन सक्दैनौं ? साँचो बोल्दा कोही रिसाउँछ जस्तो गर्छौं भने हामीले के गरी खान्छौं ?", प्रधानमन्त्री ओलीले भन्नुभयो, "विश्वामित्रले वाल्मीकिलाई हाम्रै कोशीपारी चतरा गाउँमा शिक्षा दिएका हुन् । राम-लक्ष्मणले अश्वमेघ घोडा यही भूमिमा छाडेका हुन् । दशरथ यहीका हुन्। यी कुरा मैले भनेको होइन, ग्रन्थहरूमै उल्लेख छन् । यस्ता विषयवस्तुलाई प्रचार गर्दा कुनै राजनीतिक दाउपेचको विषय बनाउनुपर्दैन।"

ज्ञान, उर्बर भूमि, विद्वान पूर्खा र पौरखी जनता भएको नेपाल विकसित नहुनुपर्ने कारण आफूले बुझ्न नसकेको भन्दै प्रधानमन्त्री ओलीले विश्वमा काम गर्ने जाति भनेर चिनिएको देशका नागरिकले देश बनाउन बाह्य सहयोगको भर नपरी आफ्नै पौरखमा विश्वास गरी काममा लाग्नुपर्ने धारणा बताउनुभयो ।रासस

# जनआकांक्षलाई पूरा गर्नु साझा दायित्व : राष्ट्रपति पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक स्थायित्वमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको जनआकांक्षलाई पूरा गर्नु नै साझा दायित्व भएको बताउनुभएको छ।

मानवअधिकार तथा शान्ति समाजले सोमबार आयोजना गरेको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार २०८१ समर्पण समारोहलाई सम्बोधन गर्दै उहाँले सुशासनको प्रत्याभूतिसहित शान्ति, न्याय र स्वतन्त्रताको अनुभूति आम नागरिकमा गराउन जरूरी रहेको बताउनुभयो।

राष्ट्रपति पौडेलले हामीले रोजेको लोकतान्त्रिक शासन प्रणालीलाई जीवन पद्धतिकारूपमा अवलम्बन गरी लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउँदै यसको जरा अझ गहिरो बनाउनु। रासस

# 'मधेसमा पानीको समस्या जटिल बन्दैछ'

काठमाण्डु । प्रतिनिधिसभा सदस्य रामकृष्ण यादवले तराई मधेसमा खानेपानी र सिँचाइको समस्या जटिल बन्दै गएकातर्फ सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा उहाँले सिँचाइको व्यवस्था नहुँदा आकाशेपानीको भर पर्नुपरेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद यादवले तराई मधेस अन्नको भण्डार भएको उल्लेख गर्दै उहाँले स्यालो ट्यूबेल, पम्पिङ सेट, सिँचाइका मर्मतसम्भार, नदी



नाला र बाँध बाध्ने व्यवस्थाका लागि आग्रह गर्नुभयो।

सांसद यादवले तराईका कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध नहुँदा कृषि उत्पादकत्व र उत्पादनमा असर गरिरहेको भन्दै ध्यानाकर्षण गराउनुभयो ।रासस

# जनआन्दोलनका घाइतेको समस्या सम्बोधन गरिने

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा मधेस आन्दोलनका घाइतेको उपचारमा सहज हुने निर्णय गर्नुभएको छ।

द्वन्द्वपीडित तथा भूकम्पमा समेत घाइते भएकाहरुको उपचार सरकारी कोषबाट भइरहे पनि बजेट अभाव तथा पूर्णउपचार हुन नसकेपछि मन्त्री पौडेलले सबै उपचार समेट्ने गरी अस्पतालहरुलाई सोधभर्ना दिने कार्यविधि स्वीकृत गर्नुभएको हो।

अब सबै खालका आन्दोलनका घाइते, द्वन्द्वपीडित तथा भूकम्पका घाइतेहरुको उपचारसँगै अङ्ग प्रत्यारोपण वा सहयोग सामग्री आवश्यक भएमा व्यवस्था हुने जनाइएको छ। अङ्गभङ्ग भएकाहरुलाई कृत्रिम अङ्ग समेत प्रदान गरिने कार्यविधिमा उल्लेख छ ।घाइतेहरुको देशभरका सरकारी तथा सामुदायिक अस्पतालहरुमा उपचार हुनेछ । कार्यविधिले उपचारपश्चात् अस्पतालहरुलाई भुक्तानी सहज बनाउने अपेक्षा गरिएको छ। यसअघि उपचार हुँदै आए पनि बजेट निश्चित नहुँदा उपचारमा समस्या तथा अस्पतालहरुलाई समस्या परेको गुनासो आउने गरेको थियो।

यसवर्ष मन्त्रालयले घाइतेहरुको उपचारका लागि बेग्लै बजेट विनियोजन गरेको छ । बजेट तथा उपचारको सीमितताका कारण समस्या भोगेकाहरुको समस्या सदाका लागि सम्बोधन हुने गरी कार्यविधि निर्माण गरिएको हो ।रासस


**सूचना ! सूचना !! सूचना !!!**

(१) मधेश प्रदेशका गरीव, दलित तथा सिमान्तकृत र विपन्न परिवारहरुको लागि एक विद्युतीय चुलो कार्यक्रमलाइ निरन्तरता दिऔं।
(२) अपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण तथा सशक्तिकरणको लागि गैसस सँग समन्वय गरी कार्य सम्पादन गरौं।
(३) यौनिक तथा लैङ्गिक अल्पसंख्यहरुको लागि सीप मूलक तालिम, वेभेद विरुद्ध सामाजिक व्यवहारमा परिवर्तन गरिने कार्यक्रम सञ्चालन गरौं।
(४) खेलकुद ऐन, पिछडा वर्ग र संघ संस्था समन्वय ऐन यसै आ व मा ल्याऔं।
(५) प्रदेश भित्रका धार्मिक मठमन्दिर, मस्जिद, गुम्बा, सम्सान घाट, श्राद्ध स्थल, कवरगाह, छटघाट, सामुदायिक भवन, विवाह स्थल, वृद्धाश्रम र धार्मिक सामाजिक आश्रम/स्थलहरुलाई क्रमशः व्यवस्थित गरौं।
(६) नागरिक विमा कार्यक्रम संचालन गरी मधेश प्रदेशमा हुने विभिन्न विपदजन्य घटना/दुर्घटना आदिको क्षति न्युनिकरण गरौं।
(७) समाजिक सदभाव मजबुद बनाउन विभिन्न कार्यक्रम संचालन गरौं।
(८) प्रदेशमा वृद्धावस्था/अनाथालय लगायत अन्य क्षेत्रमा सहयोग पुग्ने गरी प्रत्येक जिल्लामा अनाथालय र क्लोथ बैंक स्थापना गर्दै जाने नीति लिऔं।

**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**



**प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवास, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८२/०३/२४ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०५/०३ गते मंगलबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकताको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/१०/०९ मा दर्ता भई प्रा.फ.र.नं. ४२७२/७७/०७४/०७५ दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, धनुषाबाट मिति २०७३/११/०४ गते स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५७४६५१२ को प्रमाणपत्र प्राप्त **आर. एन. इन्टरप्राइजेज । फर्मको ठेगाना :** महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १,

| प्रोप्राईटर तथा जमानतकर्ता : विजय कुमार साह सुडि | जमानतकर्ता : प्रेम शिला कुमारी देवी |
|---|---|
| (ना.प्र.न. ८९९८४३५५, जारी मिति २०६१/०६/१८, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी )। ठेगाना : महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १ (साविक सोनमा गा. वि.स. वडा नं. ४)। बाबु : देबलाल साह सुडि । बाजे : हेमन साह सुडि । | (ना.प्र.न: १८३०५०/६५६, जारी मिति २०६३/१०/२५, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)। ठेगाना : महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १ (साविक सोनमा गा. वि.स. वडा नं. ४)। बाबु : उपेन्द्र साह सुडी । पति : विजय कुमार साह सुडि । ससुरा : देबलाल साह सुडि । |

**ख.धितो सुरक्षणको विवरण :**

१. प्रेम शिला कुमारी देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ३ नक्सा सिट नं ३क स्थित कित्ता नं. ९७८ र ९७७ को क्षेत्रफल ०-०-११-० र ०-०-६-० (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....................१
२. ऋणी आर. एन. इन्टरप्राइजेजको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **शाखा कार्यालय, बर्दिवास, महोत्तरी, बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, बर्दिवास**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# विश्वासको मतले इयु प्रमुखको हैसियत निर्धारण गर्ने

एएफपी

ब्रसेल्स। युरोपेली सङ्घ (इयु) प्रमुख उर्सुला भोन डेर लेयनले सोमबार विश्वासको मतदानअघि सांसदहरूबाट कडा प्रश्नको सामना गर्नुहुनेछ। विश्वासको मतदानमा उहाँले जित्ने निश्चित भए पनि यसले ब्लकको नेतृत्वमा उहाँको हैसियत निर्धारण गर्नेछ।

अति-दक्षिणपन्थी गुटले चालेको दुर्लभ चुनौतीले स्ट्रासबर्गमा बिहीबार मतदान हुँदा कन्जरभेटिभ युरोपेली आयोगका अध्यक्षलाई पराजित गर्ने कुनै सम्भावना छैन।तर सोमबारको बहसले ब्लकको सभामा इयु-व्यापी निर्वाचनको एक वर्षपछि सबै पक्षका भन डेर लेयनका विरोधीहरूलाई आफ्नो शक्ति देखाउने मौका दिनेछ।विश्वासको मत रोमानियाका अति-दक्षिणपन्थी सांसद घिओर्गे पिपेरियाले सुरु गर्नुभएको थियो। उहाँले भोन डेर लेयनमाथि कोभिड खोपका लागि वार्ता गर्दा फाइजरका प्रमुखलाई पठाएको पाठ सन्देशहरूमा पारदर्शिताको कमी भएको आरोप लगाउनुभएको थियो।

द न्युयोर्क टाइम्स लगायत धेरै अदालती मुद्दाहरूको केन्द्रविन्दु-सन्देशहरू जारी गर्न आयोगको असफलताले यसका मालिकलाई केन्द्रीकृत र अपारदर्शी निर्णय लिने आरोप लगाउने आलोचकहरूलाई बल



दिएको छ।यो बाम र केन्द्रमा भोन डेर लेयनका परम्परागत सहयोगीहरूको बढ्दो गुनासो हो। उनीहरूले संसद्मा नयाँ यथास्थितिलाई लिएर विरोध गरेका छन्। संसद्मा उहाँको केन्द्र-दक्षिणपन्थी खेमाले आफ्नो एजेन्डा अगाडि बढाउन अतिदक्षिणपन्थीसँग बढी मिलेर काम गरेको छ।

**'पुटिनका कठपुतली'**

'फाइजरगेट' बाहेक रोमानियाका पिपेरियाले युरोपेली आयोगले उहाँको देशको हालैको राष्ट्रपति चुनावमा हस्तक्षेप गरेको आरोप पनि लगाउनुभएको छ। निर्वाचनमा इयुका आलोचक र राष्ट्रवादी जर्ज सिमिओन युरोपेली समर्थक निकुसोर डानसँग पराजित हुनुभएको थियो।रोमानियाको संवैधानिक अदालतले रुसी हस्तक्षेप र कट्टर दक्षिणपन्थी उम्मेदवारलाई फेरि खडा हुनबाट प्रतिबन्ध लगाइएको आरोप लगाउँदै प्रारम्भिक मतपत्र खारेज गरेपछि मतदान भएको थियो।

मतदान रद्द भएपछि इयुले टिकटकमा औपचारिक अनुसन्धान सुरु गरेको थियो।भोन डेर लेयनलाई पिपेरियाको चुनौतीलाई फ्रान्सको नेसनल ऱ्याली र हङ्गेरीका राष्ट्रवादी प्रधानमन्त्री भिक्टर ओर्बानको पार्टी दुवै समावेश भएको प्याट्रियट्स फर युरोप समूहसहित अति-दक्षिणपन्थीको समर्थन छ।

प्रस्तावले गत हप्ता सात सय २० सिट विधायिकाको दशांश अर्थात न्यूनतम ७२ हस्ताक्षर सङ्कलन गरेपछि मतदान तय गरिएको थियो। गत जुलाईमा भएको मतदानमा भोन डेर लेयन चार सय एक मतले पुनः निर्वाचित हुनुभएको थियो।संसद्को सबैभन्दा ठूलो शक्ति, भोन डेर लेयनको युरोपियन पिपुल्स पार्टी (इपिपी) ले आयोगको प्रमुखलाई दिइएको चुनौतीलाई स्पष्ट रूपमा अस्वीकार गरेको छ। समूहका प्रमुख म्यानफ्रेड वेबरले यसलाई रूसी समर्थक, विधानसभामा युरोपेली विरोधी शक्तिहरूको काम भन्नुभएको छ।

"रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका कठपुतलीहरूले युरोपेली संसद्मा युरोपको एकतालाई कमजोर पार्ने र विश्वव्यापी अशान्ति र आर्थिक सङ्कटको समयमा आयोगलाई तल झार्ने प्रयास गरिरहेका छन्", उहाँले आरोप लगाउँदै भन्नुभयो, "यो युरोपेली जनताका लागि लाजमर्दो कुरा हो।"बाम र केन्द्रमा निन्दा प्रस्तावलाई समर्थन गर्ने कुनै प्रश्न उठ्दैन।तर दुवै खेमाले विवादास्पद उपायहरू पारित गर्न र विशेष गरी वातावरणीय नियमहरू फिर्ता लिन अतिदक्षिणपन्थीसँग मिलेर काम गरेको आरोप लगाउँदै भोन डेर लेयनलाई उहाँको निष्ठा स्पष्ट गर्न दबाब दिन चाहन्छन्।

# प्रतिभाशाली भारतीय चलचित्रकर्मी गुरु दत्तको वियोगान्त जीवन

बीबीसी

काठमाण्डु। प्रतिभाशाली भारतीय निर्देशक तथा अभिनेता गुरु दत्तको सन् १९६४ मा निधन हुँदा उनी ३९ वर्षका मात्र थिए। तर उनले चलचित्र क्षेत्रमा यस्तो प्रभाव छाडेका थिए कि त्यो उनको अवसानपछि पनि दशकौँसम्म मानिसहरूलाई प्रभावित पार्ने खालको थियो।

उनी सन् २०२५ जुलाई ९ मा भारतको दक्षिणी राज्य कर्नाटकामा जन्मिएका थिए। यसै साता उनको जन्म शतवार्षिकी मनाइँदै छाती सफल र प्रभावशाली चलचित्रकर्मीको क्यामेरा पछाडिको जीवनबारे भने कमैलाई थाहा छ। उनको भावनात्मक र मानसिक सङ्घर्षको कथा खासै उजागर हुन सकेको छैन।

उनले बनाएका 'प्यासा' र 'कागज के फूल' जस्ता हिन्दी सिनेमा फिल्म स्कूलमा कालजयी मानिन्छन्। उनले ती चलचित्रहरूमा गहिरो आत्मपरक र आत्मनिरीक्षणात्मक शैलीको प्रयोग गरे। त्यो स्वतन्त्रतापछिको भारतका निम्ति नवीन शैली थियो। उनका जटिल पात्रहरूले प्रायः उनको व्यक्तिगत सङ्घर्षलाई प्रतिबिम्बित गर्थे। उनका प्लटहरूले विश्वव्यापी आकृतिहरूलाई छुन्थे र उनी सुन्दर सिनेमामार्फत दर्शकहरूलाई त्रासदीपूर्ण सहज वास्तविकताको संसारमा पुऱ्याइदिन्थे।

दत्तको सुरुआत विनयी थियो तर उनको बाल्यकाल आर्थिक कठिनाई र अशान्त पारिवारिक पृष्ठभूमिमा बित्न पुग्यो।उनको परिवार कामका लागि पूर्वी भारतको बङ्गालमा सरेपछि हुर्किँदै गरेका दत्त त्यस क्षेत्रको संस्कृतिबाट गहिरो रूपमा प्रभावित र प्रेरित भए। त्यसले उनको पछिल्लो जीवनमा चलचित्रसम्बन्धी दृष्टिकोणलाई आकार दिन भूमिका खेल्यो।सन् १९४० को दशकमा बम्बई फिल्म उद्योगमा प्रवेश गरेपछि उनले आफ्नो थर पादुकोण त्यागे। उनको फिल्मी करिअर निर्देशकको नभई कोरियोग्राफरको रूपमा सुरु भएको थियो।

दत्तले आफ्नो गुजारा चलाउन टेलिफोन अपरेटरको रूपमा पनि काम गरे। दशकको अशान्ति र अनिश्चितताबीच भारतमा स्वतन्त्रताको आन्दोलन तीव्र भएको थियो र त्यसले फिल्म निर्माताका आकाङ्क्षीहरूलाई पनि असर गऱ्यो। त्यही चरणमा उनले 'कश्मकश' लेखे। कलात्मक निराशा र सामाजिक मोहभङ्गको जरा कहाँ गाडिएको छ भन्ने कथा त्यसमा उतारिएको छ। सोही कथामा आधारित 'प्यासा' उनको चलचित्र करिअरको 'मास्टर पिस' बन्न पुग्यो।

सहकर्मी तथा तत्कालीन अवस्थामा चलचित्र क्षेत्रका लागि सङ्घर्षरत देव आनन्दसँग दत्तको मित्रताले उनले सन् १९५१ मा आफ्नो पहिलो फिल्म निर्देशन गर्ने मौका पाए। पछि देव आनन्द चाँडै नै एक उत्कृष्ट अभिनेताको रूपमा प्रसिद्ध बन्न पुगे। त्यस बेला नोअर थ्रिलर 'बाजी' चलचित्रले उनलाई चर्चामा ल्यायो। उनी त्यसपछि तत्कालीन समयकी



प्रसिद्ध गायिका गीता रोयसँग प्रेममा परे। धेरै सन्दर्भ सामग्री र व्यक्तिहरूका अभिव्यक्तिअनुसार उनी प्रेममा परेका प्रारम्भिक वर्षहरू उनका लागि सबैभन्दा खुसीका वर्ष थिए।

दत्तले आफ्नै फिल्म कम्पनी सुरु गरेपछि लगातार 'आर-पार' र 'मिस्टर एन्ड मिसेस ५५' जस्ता सफल रोमान्टिक कमेडी फिल्महरू बनाए। दुवै फिल्ममा उनी मुख्य भूमिकामा प्रस्तुत भएका थिए।तर उनले कलात्मक गहिराइको चाहनामा 'प्यासा' बनाउने योजना बनाए र त्यो उनलाई परिभाषित गर्ने फिल्म बन्न पुग्यो।उक्त फिल्मले भौतिकवादी संसारमा कलाकारको सङ्घर्षलाई उजागर गरेको थियो। उक्त फिल्म पछि टाइम पत्रिकाको २०औँ शताब्दीका १०० उत्कृष्ट फिल्महरूको सूचीमा पर्ने एक मात्र हिन्दी फिल्म बन्यो।

दत्तकी दिवङ्गत कान्छी बहिनी ललिता लाजमीसँग मैले उनको जीवनी लेख्दा सहकार्य गरेको थिएँ। उनले मसँग 'प्यासा' आफ्ना दाइको "सपनाको परियोजना" थियो अनि दत्त "यो उत्तम होस् भन्ने चाहन्थेँ" भनेर बताएकी थिइन्। निर्देशकको रूपमा दत्तले फिल्मको सेटमा त्यसलाई कार्यान्वयन गर्दै गर्दा उनलाई थप त्यसलाई सृजनशील बनाउन मन लाग्थ्यो। उनी पटकथा र संवादहरूमा धेरै परिवर्तन गरिरहन्थे र क्यामेराको प्रयोग र प्रविधिमा पनि विभिन्न नयाँ प्रयोगहरू गरिरहन्थे।

उनी एक पटक खिचिसकेका दृश्यलाई पुनः बारम्बार खिचाइरहन्थे र 'प्यासा'को सुटिङका बेला त्यो एकदमै चिन्ताजनक अवस्थामा पुगेको थियो। उदाहरणका लागि अहिले 'क्लाइमेक्स' दृश्यका रूपमा प्रसिद्ध भएको 'प्यासा' फिल्मको दृश्य खिँच्न उनले १०४ टेक लिएका थिए। काम राम्रो नहुँदा र बिग्रिदा उनी चिच्याउँथे र रिसाउने गरेको लाजमीले बताएकी थिइन्।

"निद्राले उनलाई छाड्यो। त्यसपछि उनको निर्भरता मदिरामा सुरु भएको थियो। सबैभन्दा खराब अवस्थामा उनले आफ्नो ह्विस्कीमा मिसाएर निद्राको चक्की प्रयोग गर्न थाले। गुरु दत्तले 'प्यासा' बनाउन उनको निद्रा, उनका सपना र उनका सम्झनाहरू सबैलाई तिलाञ्जलि दिए," उनले भनेकी थिइन्।सन् १९५६ मा उनको सपनाको परियोजना पूरा हुन लागेको र उनको उमेर ३१ वर्ष भएका बेला दत्तले आत्महत्याको प्रयास गरेका थिए।

"खबर आउने बित्तिकै हामी पालि हिल, जहाँ उनी बस्थे पुग्यौँ," लाजमीले भनेकी थिइन्, "मलाई उनी अशान्त थिए भन्ने थाहा थियो। उनले मलाई प्रायः फोन गर्थे र हामी कुराकानी गर्नुपर्छ भन्थे तर म त्यहाँ पुगेपछि उनी एक शब्द पनि बोलेनन्," लाजमीले भनेकी थिइन्।तर उनी अस्पतालबाट फर्किएपछि पनि परिवारले कुनै व्यावसायिक सहयोग खोजेनन्। त्यस बेला मानसिक स्वास्थ्य "सामाजिक रूपमा कलङ्कको विषय" हुन्थ्यो। लाजमीका अनुसार'प्यासा'मा ठूलो पैसा लगानी भएकाले परिवारले उनका दाइको आन्तरिक सङ्घर्षका कारणहरूको पूर्ण निदान र त्यसको सामना नगरी अगाडि बढ्न खोज्यो।

सन् १९५७ मा रिलिज भएको 'प्यासा' आलोचनात्मक र व्यावसायिक रूपमा सफल भएपछि दत्तलाई चर्चाको शिखरमा पुऱ्यायो। तर पनि उक्त फिल्मका निर्माता उनी उक्त सफलतापछि पनि प्रायः आफू शून्य भएको भावना व्यक्त गर्थे।'प्यासा'का प्रमुख छायाङ्कनकार वीके मूर्तिले दत्तलाई सम्झँदै र उनैलाई उद्धृत गर्दै भने, "म निर्देशक बन्न चाहन्थेँ, अभिनेता बन्न चाहन्थेँ, राम्रो फिल्म बनाउन चाहन्थेँ र मैले यो सबै पाएँ। मसँग पैसा छ, मसँग सबै कुरा छ तर पनि मसँग केही छैन।" दत्तका फिल्म र उनको व्यक्तिगत जीवनबीच एउटा अनौठो विरोधाभास थियो।

उनले आफ्ना फिल्ममा प्रायः कडा, स्वतन्त्र र स्वच्छन्द महिलाको चित्रण गर्थे तर पर्दाबाहिर उनको स्वभाव त्यस्तो नभएको लाजमीले स्मरण गरेकी थिइन्। उनका भनाइमा दत्तले आफ्नी श्रीमतीले बढी परम्परागत भूमिकाहरू निभाउन् भन्ने अपेक्षा गर्थे र उनले आफ्नो कम्पनीबाट बनेका फिल्ममा मात्र गाउन् भन्ने चाहन्थे। आफ्नो कम्पनीलाई फस्टाउन के गर्नुपर्छ वा हुनुपर्छ भन्ने दत्तको एउटा सरल नियम थियो। उनी आफूले खेलेका प्रत्येक कलात्मक जुवा नाफा कमाउने व्यावसायिक फिल्म हुनुपर्छ भन्ने ठान्थे।

तर 'प्यासा'को सफलताबाट उत्साहित भएर उनले त्यो आफ्नै नियमलाई बेवास्ता गरे र सबैभन्दा महँगो तथा आफ्नै अर्ध-आत्मकथामा आधारित 'कागज के फूल' फिल्म बनाउन तम्सिए। उक्त फिल्म एक जना चलचित्र निर्माताको समस्यापूर्ण विवाह र आफ्नै चिन्तनसँगको भ्रमित सम्बन्धको कथामा बनेको छ। उक्त फिल्मका पात्र एक जना चलचित्र निर्माताको तीव्र एक्लोपन र बर्बाद भएका सम्बन्धहरूसँग सम्झौता गर्न असफल भएपछि उनको मृत्युसँगै समाप्त हुन्छ। अहिले कालजयी चलचित्रका रूपमा प्रशंसा गरिए पनि त्यति बेला उक्त चलचित्र व्यावसायिकरूपमा असफल भएको थियो। उक्त झट्काबाट दत्त कहिल्यै बाहिर निस्कन सकेनन्।

च्यानल फोरको वृत्तचित्र 'इन सर्च अफ गुरु दत्त'मा उनकी सह-कलाकार वहीदा रहमानले उनलाई सम्झँदै भनेकी छन्, "जीवन में दो ही तो चीजें है- कामयाबी और फेलिअर (जीवनमा दुई चीजहरू मात्र हुन्छन् : सफलता र असफलता) बीचमा केही पनि छैन।"'कागज के फूल' पछि उनले फेरि कहिल्यै फिल्म निर्देशन गरेनन्। समय बितेसँगै उनको कम्पनीले पुनरागमन गऱ्यो र उनले आफ्नो करिअरको सबैभन्दा व्यावसायिक रूपमा सफल चलचित्र 'चौदहवी का चाँद' बनाएर निर्माताका रूपमा पुनः चलचित्र उद्योगमा उदाए।

त्यसपछि उनले आफ्ना विश्वसनीय पटकथा लेखक अबरर अल्वीद्वारा निर्देशित 'साहिब बीबी और गुलाम' बनाउन सुरु गरे। लाजमीले बताएअनुसार त्यस बेलासम्म उनको व्यक्तिगत जीवनमा गम्भीर उथलपुथल भएको थियो र उनको मनस्थिति बारम्बार परिवर्तन भइरहन्थ्यो। फिल्ममा प्रेमहीन विवाहमा फसेकी र व्याभिचारको सिकार भएर एकान्तवासमा बस्न बाध्य एक महिलाको कथा प्रस्तुत गरिएको छ। त्यसमा सामन्ती संसारको एक धनी तर अत्याचारी घरबेटीसँग उनको साक्षात्कार भइरहन्छ।

उनलाई समयमा निद्रा नलाग्ने र निद्राका लागि औषधिको भर पर्नु परेकोबारे बताएको लेखक बिमल मित्र दत्त स्मरण गर्छन्। उनी त्यस्तो परिस्थितिबाट गुज्रिएका बेला दत्तको विवाह ध्वस्त भइसकेको थियो र मानसिक स्वास्थ्य बिग्रिएको थियो। मित्रले गुरु दत्तसँग भएको उनको लगातारको वार्तालाप सम्झँदै "मलाई लाग्छ, म पागल हुनेछु" भनेर दत्तले भन्ने गरेको स्मरण गरे। एक रात दत्तले फेरि आत्महत्या गर्ने प्रयास गरे। उनी तीन दिनसम्म बेहोस भए।

लाजमीका अनुसार त्यसपछि चिकित्सकको सल्लाहमा उनको परिवारले दत्तको उपचारबारे सोधपुछ गर्न मनोचिकित्सकलाई बोलाए तर उनीहरूले कहिल्यै फेरि त्यसमा निरन्तरता दिएनन्। "हामीले फेरि कहिल्यै मनोचिकित्सकलाई बोलाएनौँ," उनले पछुतो मान्दै भनेकी थिइन्। वर्षौँसम्म उनलाई के लाग्थ्यो भने उनका दाइ सायद कसैले आफ्नो पीडा देख्न नसक्ने एउटा अँध्यारो स्थानमा फसेको महसुस गर्दै मद्दतका लागि मौनावस्थामै रोइरहेका थिए र सायद त्यो अँध्यारो यस्तो थियो कि त्यहाँबाट उनले बाहिर निस्कने बाटो फेला पार्न सकेनन्।

दत्त अस्पतालबाट फर्किएको केही दिनपछि 'साहिब बीबी और गुलाम'को छायाङ्कन फेरि सुरु भयो र त्यस बेला उनलाई केही भएकै छैन जस्तो माहौल थियो।मित्रले उनलाई आत्महत्या प्रयासको घटनाबारे सोधेका थिए। त्यसमा दत्तले भने, "अचेल म प्रायः सोच्छु यो कस्तो अशान्ति हो, यो कस्तो बेचैनी हो र म आत्महत्या गर्न तम्तयार थिएँ? जब म यसको बारेमा सोच्छु- म डरले भयभीत हुन्छु। तर त्यो दिन मलाई ती निद्राका चक्की निल्न कुनै दुविधा महसुस भएको थिएन।" उक्त फिल्म पनि सफल भयो र सन् १९६३ को बर्लिन फिल्म फेस्टिभलमा भारतबाट आधिकारिक रूपमा प्रवेश गर्ने फिल्म बन्यो अनि राष्ट्रिय पुरस्कार पनि जित्यो।

दत्तको व्यक्तिगत जीवनमा सङ्घर्ष बढ्दै गयो। उनी आफ्नी श्रीमतीबाट अलग भए। फिल्महरूमा अभिनय गरिरहे पनि उनले गहिरो एक्लोपनसँग लड्नुपऱ्यो अनि उनले प्रायः आरामका लागि रक्सी र निद्रा लाग्ने औषधिको सहारा लिनुपऱ्यो।सन् १९६४ अक्टोबर १० मा ३९ वर्षीय दत्त आफ्नो कोठामा मृत फेला परे।

"मलाई थाहा छ कि उनी सधैँ यो मृत्यु चाहन्थे, यसको चाहना गर्थे... र उनले त्यो पाए," उनकी सहकर्मी कलाकार वहीदा रहमानले जर्नल अफ फिल्म इन्डस्ट्रीमा सन् १९६७ मा लेखेकी थिइन्। 'प्यासा'को नायकजस्तै दत्त गएपछि मात्र उनले वास्तविक प्रशंसा पाए।सिनेमामा चासो राख्नेहरू प्रायः सोच्ने गर्छन्- यदि उनी लामो समयसम्म बाँचेका भए के हुन्थ्यो होला?सायद उनले आफ्नो दूरदर्शी, काव्यात्मक कृतिहरूद्वारा भारतीय सिनेमाको परिदृश्यलाई पुनः आकार दिने कार्यलाई जारी राख्ने थिए।

# ब्रिक्स राष्ट्रहरूद्वारा ट्रम्पका शुल्कहरूको आलोचना, इरानमाथिको आक्रमणको निन्दा

एएफपी

रियो डि जेनेरियो। आइतबार भएको शिखर सम्मेलनमा ब्रिक्स नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका 'अन्धाधुन्ध' आयात शुल्कहरू र इरानमाथि हालैका इजरायली-अमेरिकी आक्रमणलाई लक्षित गरेका छन्।

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालगायत ११ उदीयमान राष्ट्रले विश्वको लगभग आधा जनसङ्ख्या र विश्वव्यापी आर्थिक उत्पादनको ४० प्रतिशत हिस्सा ओगटेका छन्।यो समूह धेरै विषयमा विभाजित भए पनि अमेरिकी नेता र उहाँका स्टप-स्टार्ट सुरु हुने भन्सार शुल्क युद्धहरूको सन्दर्भमा साझा कारण भेट्टाएका छन्।

शिखर सम्मेलनको संयुक्त विज्ञप्तिअनुसार 'एकपक्षीय भन्सार शुल्क वृद्धिबारे गम्भीर चिन्ता' व्यक्त गर्दै ब्रिक्स सदस्यहरूले भन्सार शुल्कले विश्वव्यापी अर्थतन्त्रलाई नोक्सान पुऱ्याउने जोखिम रहेको बताए।आइतबार राति सामाजिक सञ्जालमा ट्रम्पले यस समूहलाई प्रत्यक्ष जवाफ दिनुभयो।"ब्रिक्सको अमेरिकी विरोधी नीतिहरूसँग आफूलाई मिलाउने कुनै पनि देशलाई थप १० प्रतिशत भन्सार शुल्क लगाइनेछ। यस नीतिमा कुनै अपवाद हुनेछैन", ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ।

यसअघि, ब्रिक्सले इजरायल र संयुक्त राज्य अमेरिकाले गरेको आणविक र अन्य लक्ष्यहरूमा शृङ्खलाबद्ध सैन्य आक्रमणको निन्दा गर्दै साथी सदस्य इरानलाई प्रतीकात्मक समर्थनको प्रस्ताव गरेको थियो।बजार बिक्रीको सामना गर्न एक महिना लामो विश्राम प्रस्ताव गर्नुअघि अप्रिलमा ट्रम्पले सहयोगीहरू र प्रतिद्वन्द्वीहरूलाई समान रूपमा दण्डात्मक कर्तव्यहरूको साथ धम्की दिनुभएको थियो।ट्रम्पले अगस्ट १ सम्ममा 'सम्झौता' नभएसम्म साझेदारहरूमाथि एकपक्षीय




भन्सार शुल्क लगाउने चेतावनी दिनुभएको छ।

ब्राजिल, भारत र साउदी अरेबियाजस्ता अमेरिकी सहयोगीहरूलाई स्पष्ट छुट दिँदै शिखर सम्मेलन घोषणाले कुनै पनि विन्दुमा संयुक्त राज्य अमेरिका वा यसका राष्ट्रपतिको नाम लिएर आलोचना गरेन।

दुई दशकअघि तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्रका लागि मञ्चका रूपमा परिकल्पना गरिएको ब्रिक्सलाई अमेरिका र पश्चिमी युरोपेली शक्तिका लागि चीनद्वारा सञ्चालित प्रतिसन्तुलनका रूपमा हेरिएको छ।तर यो समूह इरान, साउदी अरब र अन्यलाई समेटेर विस्तार भएसँगै गाजा युद्धदेखि अमेरिकी विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने विषयहरूमा अर्थपूर्ण सहमतिमा पुग्न सङ्घर्ष गरिरहेको छ।

उदाहरणका लागि तेहरानको लामो समयदेखि इजरायललाई नष्ट गर्नुपर्ने स्थितिका बाबजुद ब्रिक्स राष्ट्रहरूले इजरायल-प्यालेस्टाइन द्वन्द्वको शान्तिपूर्ण दुई-राज्य समाधानका लागि सामूहिक रूपमा आह्वान गरे।एक इरानी कूटनीतिक स्रोतले उनको सरकारको 'आपत्तिहरू' ब्राजिलका आयोजकहरूलाई पठाइएको बताएको छ। तैपनि, इरानले उक्त कथनलाई स्पष्ट रूपमा अस्वीकार गर्न छोडेको छैन।

ब्राजिली सरकारी स्रोतका अनुसार कूटनीतिक संवेदनशीलताको सम्भावित थप सङ्केतमा साउदी अरबका विदेशमन्त्रीले आइतबारको छलफल पूर्ण रूपमा छाडेका थिए।

साउदी अरब उच्च-प्रविधि अमेरिकी सैन्य निर्यातको विश्वको प्रमुख लाभार्थीहरू मध्ये एक हो र लामो समयदेखि अमेरिकी साझेदार हो। चीनका सी जिनपिङले राष्ट्रपति भएको १२ वर्षमा पहिलो पटक बैठक छाड्नुभएपछि यस वर्षको शिखर सम्मेलनको राजनीतिक शक्ति घटेको छ।

चिनियाँ नेता मात्र उल्लेखनीय अनुपस्थित व्यक्ति हुनुहुन्न। युक्रेनमा युद्ध अपराधको आरोप लागेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि टाढै बस्न रोज्नुभयो र भिडियो लिङ्क मार्फत भाग लिनुभयो।

# ट्रम्प र नेतन्याहूबीच सोमबार भेटवार्ता हुँदै

एएफपी

वासिङ्टन। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्नुहुनेभएको छ। राष्ट्रपति ट्रम्पले इजरायल र हमासबीच यसै हप्ता 'सम्झौता' हुने आशा व्यक्त गर्नुभएको छ।

इजरायल र हमासबीच आइतबार साँझ दोहामा अप्रत्यक्ष वार्ता सुरु भएको छ। यसको उद्देश्य युद्धविरामको मध्यस्थता गर्नु र प्यालेस्टिनी कैदीहरूको बदलामा बन्धकहरूको रिहाईको लागि सम्झौतामा पुग्नु रहनेछ। आइतबार ट्रम्पलेसम्झौतामा पुग्ने 'प्रवल सम्भावना' रहेको बताउनुभएको थियो। "हामीले धेरै बन्धकहरूलाई रिहा गरेका छौँ, बाँकी बन्धकहरूको सन्दर्भमा भन्नुपर्दा तिनीहरूमध्ये धेरै बाहिर आउनेछन्," उहाँले पत्रकारहरूसँग भन्नुभयो। नेतन्याहूले आइतबार विमानमा वासिङ्टनतर्फ प्रस्थान गर्नुअघि बोल्दै ट्रम्पसँगको भेटले यो सम्झौतालाई अगाडि बढाउन




निश्चित रुपमा सहयोग पुग्ने बताउनुभएको थियो।

झण्डै दुई वर्षको युद्धपछि मानवीय सङ्कटमा फसेको गाजा पट्टीमा अमेरिकी राष्ट्रपति ट्रम्पले युद्धविरामका लागि दबाब दिइरहनुभएको छ। नेतन्याहूले भन्नुभयो, "हामी सहमत भएका शर्तमा सम्झौतामा पुग्नका लागि 'स्पष्ट निर्देशन' सहित टोलीलाई दोहा पठाएको छु।"यसअघि उहाँले अमेरिका समर्थित युद्धविराम प्रस्तावको मस्यौदामा कतार र इजिप्टका मध्यस्थकर्तामार्फत हमासले दिएको प्रतिक्रियामा 'अस्वीकार्य' माग रहेको बताउनुभएको थियो।

**'महत्वपूर्ण अभियान'**

वार्तामा संलग्न दुई प्यालेस्टिनी स्रोतले एएफपीलाई बताएअनुसार उक्त प्रस्तावमा ६० दिनको युद्धविराम, हमासले इजरायलद्वारा हिरासतमा लिएका प्यालेस्टिनीहरूको बदलामा १० जीवित बन्धकहरू र मतक बन्धकका शवहरू रिहा गर्ने लगायतका बिषय छन्।समूहले गाजाबाट इजरायलको फिर्तासहित केही शर्तहरू राखेको छ।

# माटोलाई सुरक्षा गर्दै किसान



टीकापुर । कैलालीका किसानहरु माटोको सुरक्षामा सचेत बन्न थालेका छन् । मानव स्वास्थ्य र वातावरण संरक्षणका लागि माटो स्वस्थ हुनुपर्छ भन्ने बुझेपछि किसानहरु माटो जोगाउन सक्रिय भएका छन् ।

माटो जोगाउन किसानले माटो परीक्षण गरेर खेती गर्न थालेका छन् । किसानले पालिका र माटो परीक्षण प्रयोगशाला कञ्चनपुरको सहयोगमा माटो परीक्षण गरेर माटो परीक्षण कार्ड बनाउन थालेका छन् । किसानले माटोको रिपोर्ट अनुसार खेती गर्न थालेका छन् ।

कैलालीको जानकी गाउँपालिका-२ की त्रलेक्यदेवी थापामगरसँग माटो परीक्षण नतिजा कार्ड छ । उहाँले आफ्नो जमिनको माटोको गुणस्तरबारे थाहा पाउने गरी यसरी कार्ड लिएको चार वर्ष भइसकेको छ । थापामगर प्रत्येक वर्ष आफ्नो खेतबारीको माटो परीक्षण गराउनुहुन्छ । "माटो परीक्षण रिपोर्टमा कृषि प्राविधिकले सिफारिस गरे अनुसार खेती गर्ने गरेका छौँ",उहाँले भन्नुभयो, "कुन बाली लगाउँदा राम्रो हुन्छ भन्ने ज्ञान भएको छ, यसले उत्पादन वृद्धिमासमेत सहयोग पुगेको छ । "

अर्का किसान लक्ष्मीदेवी मगरसँग पनि माटो परीक्षण कार्ड छ । उहाँहरुलाई यसरी माटो परीक्षण गर्न जानकी गाउँपालिकाले सघाइरहेको छ । माटोको स्वास्थ्य बारेमा थाहा पाएपछि मलपानी आवश्यकता अनुसार प्रयोग गरे पुग्नेमा किसान सचेत भएका छन् । "माटोको अवस्था, माटो संरक्षणका लागि गर्नुपर्ने प्रयासबारे जानकारी हुने गरेको छ", लक्ष्मीदेवीले भन्नुभयो, "रासायनिक विषादीको प्रयोग घटाइरहेका छौँ, जैविक विषादी घरमै बनाउने गरेका छौँ, जसले उत्पादन बढेको छ, उत्पादन विषादीरहित हुँदै गएको छ ।"

किसान जयसरा देवीले पनि माटो परीक्षण गरेपछि माटो अवस्था, कुन समयमा कुन खेती गर्दा बढी उत्पादन लिन सकिन्छ, मल प्रयोग र वातावरण कसरी जोगाउने भन्नेबारे पनि सिक्नुभएको छ । "नियमित खेती गर्न हुँदैन रहेछ भन्ने सिके, माटोभित्र पनि रोग हुनसक्छ, त्यसलाई कसरी रोक्न सकिन्छ भन्ने सिकाइ भएको छ", उहाँले भन्नुभयो, "माटो मलिलो बनाउने, कुन खेती गर्दा माटो जोगिन्छ भन्नेबारे पनि सिकेका छौँ ।"

कैलालीमा स्थानीय तह र विभिन्न सङ्घ संस्थाको सक्रियतामा माटो जाँच कार्यक्रम हुने गरेका छन् । माटो जाँच गरेर आफ्नो खेतबारीको माटोको अवस्था थाहा पाउनु अघि जथाभावी रासायनिक मल प्रयोग गर्ने किसान अहिले प्राङ्गारिक, गोठे मलको प्रयोग बढाइरहेका स्थानीय कर्णबहादुर थापाले बताउनुभयो । "माटो, मानिसको जीवन र वातावरण संरक्षण गर्ने जिम्मा किसानकै हातमा रहेछ", उहाँले भन्नुभयो, "यसमा स्थानीय सरकारले साथ दिनुपर्छ । हामीले प्राविधिक ज्ञान पाइरहेका छौँ ।"

कैलालीकै जोशीपुर गाउँपालिका-२ मुढ्किका किसान प्रेमलाल महत्तोको खेतीपाती गर्ने तरिका हिजोआज बदलिएको छ । पहिले उत्पादन बढाउन रासायनिक मल धेरै हाल्दा उल्टै उत्पादन घट्यो । छरछिमेकमा सल्लाह गरेर माटो परीक्षण गर्ने निधो गरेपछि थाहा भयो माटोमा अमिलोपना बढेको तथा प्राङ्गारिक मलको कमी भएको रहेछ । कृषि प्राविधिकको सल्लाह अनुसार उनीहरुले खेती गर्ने तरिका बदलेपछि हाल उत्पादन बढेको छ ।

"विगतमा हामी उत्पादन बढी लिने प्रयासमा माटो बिगार्ने काममा सक्रिय रहेछौँ भन्ने बुझेको छु", उहाँले भन्नुभयो, " माटो बचे पो जीवन बच्न भन्नेमा सचेत भएको छु । माटोमा बढेको अमिलोपना घटाउन ढैँचा जस्ता खेती, लहरे बालीमा ध्यान दिएका छौँ ।"

कैलालीमा माटो जाँच गर्ने र माटो परीक्षण कार्डको आधारमा रासायनिक मलको मात्रा मिलाएर हाल्ने किसानको सङ्ख्या बढ्दै गएको छ । किसानलाई गोबर मल, हरियो मल जस्ता प्राङ्गारिक मल प्रयोग गर्न स्थानीय पालिका, रानी जमरा कुलरिया सिँचाइ आयोजनालेसमेत किसान सचेत बनाइरहेका छन् । स्थानीय तह र सिँचाइ आयोजनाले किसान पाठशाला जस्ता कार्य गरेर हरियो मल, जैविक मलबारे किसानलाई शिक्षा दिन थालेका छन् ।

जोशीपुरकै अर्का किसान प्यारेलाल महत्तो सबैतिरको प्रयासले किसानको बालीको उत्पादन बढ्नुका साथै माटोको गुणस्तर पनि सुधार हुँदै गएको र यसले गर्दा दिगो माटो व्यवस्थापनमा सघाउ पुगिरहेको उहाँको भनाइ छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जीवनाशक विषादी व्यवस्थापनसम्बन्धी नियमावली २०८१ बनाएर लागू गरिसकेको छ । अनि, प्राङ्गारिक मल र प्राङ्गारिक विधिमा गरिने खेती किसानीमा जोड दिइरहेको छ । सङ्घ, प्रदेश र स्थानीय, तीनै तहका सरकारले यस विषयलाई प्राथमिकतामा राखेको कृषि प्राविधिक बताउँछन् ।

पालिकामा रहेका कृषि शाखामार्फत रासायनिक मल र विषादी दुबैको प्रयोग घटाउने र उत्पादन बढाउने उद्देश्यले माटोको गुणस्तर अनुसार खेती गर्ने काम भइरहेको जानकी गाउँपालिका कृषि शाखा प्रमुख लालवीर चौधरी बताउनुहुन्छ । "सुरुमा किसानको बारीको माटो जाँच हुन्छ, सोही अनुसार खेतीबाली लगाइन्छ", उहाँले भन्नुभयो, "यसरी खेती गर्दा उत्पादन बढ्छ, माटोकोगुणस्तरबिग्रदैन।वातावरण संरक्षणमा सहयोग पुग्छ ।"जानकी गाउँपालिकाले गतवर्ष माटो परीक्षण प्रयोगशाला कञ्चनपुरको सहयोगमा हरेक वडाका १०/१० किसानलाई माटो परीक्षण कार्ड उपलब्ध गराएको थियो । यस वर्ष पालिकामा दुई सय ६२ किसानले माटो परीक्षण कार्ड बनाएका छन् ।

"किसानमा माटो सुधार गर्नुपर्छ भन्ने जनचेतना बढाउन र माटो सुधार गरी उत्पादन र वातावरणमा नै सुधार गर्न पालिकाले लगानी बढाएको हो", उहाँले भन्नुभयो, " पालिकाले किसानलाई सचेत बनाउन यस वर्षबाट एकीकृत किट व्यवस्थापनका लागि आकस्मिक बाली संरक्षण सेवा पनि हरेक वडामा दिएको छ ।"माटो परीक्षण गराएर किसानले काम गर्दा एकातिर माटोको स्वास्थ्य राम्रो हुने र अर्कोतिर किसानले लगाएको बालीको फसल पनि राम्रो हुने विज्ञहरुको सुझाव छ ।

माटो विज्ञ श्रीप्रसाद विष्ट माटो स्वस्थ भएपछि विश्व नै स्वस्थ हुने भएकाले माटो सुरक्षामा ध्यान दिनुपर्ने सुझाव दिनुहुन्छ । " अधिकांश जीवित प्राणीको गाँस र बास स्थान भनेको नै माटो हो", उहाँ भन्नुहुन्छ, "माटो नै स्वस्थ भएन भने धेरै क्षेत्रमा समस्या आउने गर्छ । त्यसैले माटो र वातावरण जोगाउने जिम्मा सबैले लिनुपर्छ ।"रासस

# रैथाने धान हराउने चिन्ता



गण्डकी ।कास्कीको पोखरा महानगरपालिका-२९ पटनेरीमा करिब डेढ दशक अघिसम्म अधिकांशतः खेतमा पहेँले धान फल्ने गर्दथ्यो । तर अहिले त्यहाँको फाँटमा पहेँले धान पाउन मुस्किल छ ।

डेढ दशकको अन्तरालमा नै यहाँको फाँटमा पहेँले धान लगभग लोप जस्तै भइसकेको यहाँका स्थानीयवासी बताउँछन् । पहेँले धानका विकल्पमा यहाँका खेतमा कृषकले नयाँ उन्नत जातका धान लगाउने गरेका छन् ।

पटनेरी जस्तै कास्कीकै पोखरा महानगरपालिका-३३ भरतपोखरीको खुर्वादी, छहरालगायत स्थानमा विगतमा लगाउने गरिएको बिरेनफुल जातको धान अहिले लोप नै भइसकेको छ । यहाँ लगाइने अन्य मधेशे, गुर्दी, जरनेली, मन्सरा जस्ता धानका विकल्पमा अन्य धान लगाउने गरिएको छ ।

कृषि प्रतिको बढ्दो अनिच्छासँगै थोरै क्षेत्रफलमा धेरै धान उत्पादन गर्ने स्थानीयको इच्छाले परम्परागत धान लोप हुँदै गएको कृषक बताउँछन् । परम्परागत रैथाने औषधीय गुण भएका धानका बीउ लोप हुँदै जानु यतिखेर चिन्ताको विषय बनेको छ । तालैतालले भरिएका कास्कीका ताल किनारमा विगतमा पाइने जङ्गली धान नाभो त लगभग एकादशको कथा जस्तै बनिसकेको छ । धानको अति प्राचीन प्रजाति नाभोबाटै अन्य धानको विकास भएको विश्वासका आधारमा यसलाई धानको जननीका रुपमा समेत लिने गरिएको छ ।

रैथाने प्रजातिका धानका बिउको संरक्षण गर्न लिबर्डका तर्फबाट स्थानीय समूदायलाई नै सहभागी गराएर विभिन्न प्रयास भइरहेको लिबर्डका प्राविधिक इन्द्र पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार समूदायकै सकृयतामा बेगनास क्षेत्रमा ४० भन्दा बढी जातका रैथाने धानको संरक्षण गर्ने काम भइरहेको छ ।

कास्कीकै आर्वा क्षेत्रमा ६/७ जातका रैधाने धानको बिउ संरक्षणको पहल भइरहेको उहाँले जानकारी दिनुभयो । कास्कीकै अन्नपूर्ण गाउँपालिकाका विभिन्न ४७ रैथाने जातको धानको बिउ संरक्षणका लागि काम भइरहेको का प्राविधिक पौडेलको भनाइ छ । रैथाने जातमा अधिकांशमा रोगसँग लड्ने क्षमता कम हुने गरेका कारण रोग प्रतिरोधी जातसँग क्रसिङ गरेर परम्परागत जातहरू संरक्षण गर्ने गरिन्छ । लोपोन्मुख जातको संरक्षणका लागि बीउ सङ्कलन गरी खुमलटारस्थित जिन बैंकमा राख्ने गरिएको छ ।

रैथाने जातका धान तथा बाली विस्तारै लोपोन्मुख बन्न थालेपछि लेखनाथको सुन्दरीडाँडामा जैविक विविधता कृषि सूचना केन्द्र स्थापना गरी त्यहाँबाट पनि संरक्षणको पहल भइरहेको छ । उक्त केन्द्रले धान बालीका साथै, कोदो, तरकारीलगायतका कृषिजन्य उत्पादनका परम्परागत प्रजातिको बीउ संरक्षण गर्ने गरिएको छ । रैथाने जातको संरक्षणका लागि पछिल्लो समय कृषकको सकृयता बढेको पाइन्छ ।

उपत्यका, तालतलैया र सिमसार क्षेत्रजस्ता विविधतायुक्त भू-बनोट पाइने कास्कीमा ५० भन्दा बढी जातका स्थानीय धान लगाउने गरिए पनि विस्तारै राम्रो उत्पादनका लागि कृषक हाइब्रिड धानतर्फ आकर्षित बन्ने गरेका सुरौदीका अगुवा कृषक रमेश आचार्यले बताउनुभयो ।

"सुरौदी र आसपासका क्षेत्रमा विगतमा लगाउने बातिसरा, मानामुरी, मधेशे, गुर्दी जस्ता धान अहिले पाइँदैन", उहाँले भन्नुभयो, "पछिल्ला समयमा राम्रो उत्पादन लिने सोचका साथ यस क्षेत्रमा हाइब्रिड धानको बिउ नै लगाउने गरिएको छ ।" रसायनिक मलको बढ्दो प्रयोगसँगै धानमा रहेका मौलिक गुण पनि हराउँदै गएको उहाँले बताउनुभयो ।

विगतमा पटनेरी फाँटमा झुल्ने पहेँले धान खेतमा नै हरहर बास्ना आउने गरेकामा अहिले भने रासायनिक मलकै प्रयोगका कारण भान्छामा पनि वास्ना आउन छोडेको स्तानीय बताउँछन् । कास्कीका ताल तलैयाको छेउमा लगाइने गरेका समुद्र फिङ्जा, नाभो, आँगा, बले, कृष्णभोग, जिरासरी र फल्याङकोटे धान लोप नै भइसकेको छ ।

समुद्री सतहबाट करीब ३०० मिटरदेखि ६०० मिटरको उचाइमा फल्ने यी धान यहाँका प्राचीन रैथाने जात हुन् । पछिल्ला वर्षमा गौरिया, बिरम्फुल, आँगा, रमनी, रुदुवा मार्सी जस्ता धान देखिन छोडेका छन् । नयाँ जातका धानको आगमनसँगै परम्परागत रुपमा रोपिने पोखरेली पहेँले, मनसरा, ठिमाहा, ताकमारे, खोलेमार्सी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित नै भइसकेको कृषकहरू बताउछन् ।

कम उचाइमा हुने गरेका काठे गुर्दी, तौली, फालो, पहेंले, लहरे गुर्दी, घैया, कालो झिनुवा, माला, विमरफुल, भट्ट, अँधेरे, काँडे, कालो बयर्नी, कालो अनदीलगायतका धान पनि पछिल्लो समय विस्थापित भइसकेका छन् । पछिल्ला समयमा जिल्लामा सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँले जस्ता धान धेरै मात्रामा रोप्ने गरिएको छ । बास्नायुक्त र औषधीय गुण भएका धान छोड्दै उत्पादन बढी लिने सोचका साथ कृषक हाइब्रिड जातका धानमा लोभिने क्रम बढेका कारण पनि हाइब्रिडले रैथाने जातलाई विस्थापन गर्दै गएको हो ।

विगत वर्षमा पर्याप्त धान उत्पादन हुने पोखराका बिरुवा फाँट, कुँडहर, लेखनाथको सिशुवा, पटनेरीलगायतका स्थानमा बढ्दो प्लटिङका कारण धान खेतीमा कमी आउन थालेको छ । रैथाने जातको संरक्षणसँगै सकेसम्म स्थानीय जातको प्रवर्द्धन होस् भन्ने कुरामा महानगरपालिका गम्भीर रहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरिया बताउनुहुन्छ ।

महानगरपालिकाले पोखराको पहिचानका रुपमा रहेको पोखरेली जेठोबुढोको प्रवर्द्धनसँगै प्रयोग बढाउने कुरामा लागेको उहाँले बताउनुभयो ।रासस

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई बबरमहल भिलासमा १०% सम्मको छुट

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंकर बबर महल भिलास बिच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार बबर महल स्थित बबर महल भिलास काठमाडौंमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा फूड, बेभरेज एण्ड स्पा सम्बन्धी सेवामा १० % सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

Siddhartha Bank
सम्बन्ध सधैंभरिलाई

यस समन्वयको बारेमा थप जानकारीक लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्प्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा सम्पर्क गर्न सक्नुहुनेछ ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केहि समय अघिमात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवापनि सञ्चालनमा ल्याएको छ ।

# भान्सामा हराउँदै 'फुटकी च्याउ' को स्वाद

कञ्चनपुर । वर्षायामको सुरुवातसँगै कञ्चनपुरका थारु समुदायका भान्सामा विशेष स्थान ओगट्ने फुटकी च्याउको तरकारी अब स्वादभन्दा पनि सम्झनामा मात्र सीमित बन्न थालेको छ ।

सालका वन क्षेत्रमा डढेलो लागेको वर्ष फुटकी प्रशस्तै पाइन्थ्यो । तर, अहिले भने पाउनै मुस्किल भइसकेको छ । "वर्सात सुरु भएपछि महिला र बालबालिकाको हुल वनतिर लाग्थ्यो, एकैचोटि धेरै सङ्कलन गर्थे," स्थानीय हवलदार चौधरीले भन्नुभयो, "अहिले त्यो दृश्य विरलै देख्न पाइन्छ ।"वन क्षेत्रमा प्रवेशमा कडाइ, जलवायु परिवर्तन र मानवीय चापका कारण फुटकी लोपोन्मुख बन्दै गएको उहाँको भनाइ छ । सामुदायिक वनमा अनुमतिबाट मात्रै र निकुञ्ज क्षेत्रमा प्रवेश निषेध हुँदा लुकीचोरी जानेले समेत फुटकी च्याउ भेटिन छाडेको बताउने गरेका छन् ।

स्थानीय भाषामा 'पटपुरा' भनिने फुटकीलाई थारु समुदायले अनेकौँ परिकारमा प्रयोग गर्छन् । जसमा झोलयुक्त तरकारी, अचार, सेकुवा, भुटुवा, सुकुटी, पकुवा हुने गर्दछ । गहुँ वा चामलको पिठोमा मिसाएर फुटकी पकाइने परिकारलाई थारु समुदायले कपुवा भन्ने गर्दछन् । थारु समुदायमा कुन च्याउ खान योग्य छ, भन्ने ज्ञान पुस्तौंदेखि पुस्तान्तरण हुँदै आएको छ । यही ज्ञानले उनीहरूलाई वनस्पति स्रोतको सुरक्षित र सन्तुलित प्रयोगमा दक्ष बनाएको हवलदार बताउनुहुन्छ । बजारमा फुटकीको अभाव हुँदा अहिले यसको मूल्य प्रतिकिलो रु चार सयदेखि रु एक हजार तीन सयसम्म पुगेको बन्धुराम चौधरीले बताउनुभयो ।

"प्रकृति पूजक थारु समुदायले जङ्गलमा पाइने च्याउ, जडीबुटीलगायतका वस्तुहरूलाई परम्परागत रूपमा भान्सामा स्थान दिएका छन्", उहाँले भन्नुभयो, "तर अहिले वन क्षेत्रमा यी स्रोतहरू घट्दो छ ।" थारु समुदायका अगुवा परदेशी चौधरीका अनुसार फुटकी ' फङ्गस' वर्गको च्याउ हो । बर्सातको बेला अनुकूल वातावरणमा उम्रिने फुटकीमा प्रोटिन प्रचुर मात्रामा पाइन्छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा पचहर्वा गा.वि.स. वडा नं.४ हाल परिवर्तित शहिदनगर न.पा.वडा नं.५ मा बस्ने अनुप सुडीको नाती लखन महतो सुडीको छोरा विन्देश्वर साह सुडीले मेरो बुबा लखन महतो सुडीको नाउँमा दर्ता रहेको साविक मौजे पचहर्वाको सा.कि.नं.६९० क्षेत्रफल ०-०-८ जग्गा सर्वे नापी हुँदा निजकै नाउँमा जि.ध.गा.वि.स.पचहर्वा वडा नं.४ कि.नं.३१३ क्षेत्रफल ०-०-१०-० कायम भई नापनक्सा भएकोमा निज नापीको बखत अनुपस्थित भएको कारण दर्ता गर्न छुट भएको जग्गा निजको मिति २०५५/०३/०८ मृत्यु भई हकखाने पत्नी मेरो आमा फुलिया देवी सुडीनको मिति २०७०/१०/१४ गतेमा मृत्यु भई निजहरुको हकभोग खाने एकमात्र छोरा म निवेदक विन्देश्वर साह सुडी भएकोले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.२७२०४ मिति २०८२/०२/२६ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/०६ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | पचहर्वा | ४ | ३१३ | ०-०-१० | यो जग्गा पं. पचहर्वा वार्ड नं.४ बस्ने लखन महतो सुडीको नम्बरी हो सही गर्ने वा.स. दस्तखत । |

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**

## पूर्वाधार विकास कार्यालय धनुषा

**जनकपुरधाम, धनुषा, नेपाल**

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख बिरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# यौन दुर्व्यवहार गरेको आरोपमा विद्यालयमा तोडफोड



टुडे समाचारदाता

लहान । सिरहाको गोलबजार नगरपालिका चोहर्वास्थित जनता नमूना माध्यमिक विद्यालयका शिक्षक हरि श्रेष्ठमाथि छात्रा दुर्व्यवहारको आरोपसहित अभिभावकले विद्यालयमा तोडफोड गरेका छन् ।

शिक्षक श्रेष्ठले १३ वर्षीया र ८ वर्षीया छात्रालाई लामो समयदेखि यौन दुर्व्यवहार गरेको भन्दै आमा आइतबार विद्यालय पुगेकी थिइन् । त्यसपछि अभिभावक र युवाले विद्यालय पुगेर तोडफोड गरेका छन् । आक्रोशित भिडको ढुंगामुढाबाट कक्षाकोठाका सिसाहरू फुटेको छ ।

विद्यालयमा बाक्लो संख्यामा प्रहरी परिचालन गरिएको छ । शिक्षक श्रेष्ठलाई तत्कालै पक्राउ गरी कानूनी दायरामा ल्याउन र प्रधानाध्यापकलाई बर्खास्त गर्न अभिभावकले माग गरेका छन् ।

आफ्नो छोरी विद्यालय जान डराएपछि शिक्षक श्रेष्ठले दुर्व्यवहार गरेको बताएको पीडितकी आमाले बताएकी छन् । कक्षामै संवेदनशील अंग छुने गरेको छोरीको भनाइ उद्धृत गर्दै उनले भनिन् ।

आमाले गत शुक्रबार शिक्षिका रञ्जु सिंहसमक्ष सिकायत गरेपनि प्रधानाध्यापकबाट ढाकछोप गर्न खोजिएको आरोप लगाएकी छन् ।

तोडफोड र नाराबाजीपछि गोलबजार प्रहरीले शिक्षक श्रेष्ठलाई नियन्त्रणमा लिएको छ । इन्स्पेक्टर गोविन्दप्रसाद साहले घटनाबारे अनुसन्धान गरिरहेको बताए ।

दुवैजना छात्रालाई स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल सिरहा लगिएको छ । विद्यार्थीहरूले पनि विरोधसहित आन्दोलनको तयारी गरिरहेका छन् ।

# दश वटा निजी विद्यालय बन्द

टुडे समाचारदाता

राजविराज । सप्तरीमा दश वटा निजी विद्यालय बन्द गरिएको छ ।

अनुमति पाएको भन्दा माथिल्लो कक्षा सञ्चालन गर्ने सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका १० वटा निजी विद्यालय बन्द गराइएको छ । शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीले अनुमति पाएको भन्दा माथिल्लो कक्षा सञ्चालन गर्दै आएका विद्यालयलाई बन्द गराएको छ ।

उच्च अदालत जनकपुर राजविराज इजलासले अनुमति पाएको भन्दा माथिल्लो कक्षा सञ्चालन गर्दै आएको विद्यालयलाई बन्द गराउन वैशाख १९ मा आदेश दिएको थियो ।

अदालतको आदेश कार्यान्वयन गर्न १० विद्यालयका अनुमति पाएको कक्षाबाहेकका थपिएका कक्षा सञ्चालनमा बन्देज लगाइएको जिल्ला शिक्षा विकास समन्वय इकाइ प्रमुख शशि यादवले जानकारी दिए ।



विद्यालय बन्द गराइएको प्रति निजी विद्यालयका सञ्चालकले भने असन्तुष्टि जनाएका छन् । विगत १४ वर्षदेखि माथिल्लो कक्षाको अनुमति माग गर्दा पनि स्वीकृति नदिइ पठनपाठन नै बन्द गराएको प्रति हनुमाननगर कंकालिनी नगरपालिकाका १० वटा निजी विद्यालयका सञ्चालकले गुनासो गरेका छन् । शनिबार हनुमाननगर कंकालिनी नगरपालिकामा पत्रकार सम्मेलन गरी उनीहरूले शिक्षा ऐनमा व्यवस्था भए बमोजिमको मापदण्ड र प्रक्रिया पूरा गरेका विद्यालयले माथिल्लो कक्षाको पठनपाठन गर्ने गराउने अनुमति प्रदान गर्न माग गरे ।

कंकालिनी नगरपालिका-६ स्थित वैष्णोदेवी बोर्डिङ स्कुलका सञ्चालक श्याम मण्डलले भने, "मैले विद्यालय स्थापना गरेको १४ वर्ष भयो, त्यो बेलादेखि नै माथिल्लो कक्षाको पठनपाठनको अनुमतिका लागि सबै प्रक्रिया पूरा गरेर तत्कालीन जिल्ला शिक्षा कार्यालय, गाविस र अहिले आएर नगरपालिकामा निवेदन दिंदा पनि आश्वासनबाहेक केही पाउन सकिएको छैन ।"

यस्तै गुनासो आनन्द बोर्डिङ स्कुलका सञ्चालक आनन्दकुमार यादवको पनि छ ।

उनले २०७० सालमा विद्यालय स्थापना गरी एक कक्षाको अनुमति लिएर माथिल्लो कक्षाको पठनपाठनका लागि आवश्यक मापदण्ड पूरा गरेर सम्बन्धित कार्यालयमा धाउँदा पनि कुनै सुनुवाइ नभएको पत्रकार सम्मेलनमा बताए ।

यहाँको १० वटा निजी विद्यालय वर्षौंदेखि माथिल्लो कक्षाको अनुमतिको माग गर्दै शिक्षा शाखा धाइरहेको तर अनुमति पाउने आशामा रहेका बेला माथिल्लो कक्षाको पठनपाठन बन्द गराएपछि आफूहरू थप मारमा परेको विद्यालय सञ्चालकको गुनासो छ ।

हरेक वर्ष कक्षा अपग्रेडका लागि तोकिएको शुल्क र मापदण्ड पूरा भएको कागजातसहित आवेदन दिंदै आएकोमा कक्षा अपग्रेडको अनुमति नदिइ विद्यालयको पठनपाठन नै बन्द गराउन थालेपछि आफूहरूको लगानी र हजारौं विद्यार्थीको शैक्षिक भविष्यमा असर पुगेको हनुमाननगर कंकालिनी नगरपालिका-७ स्थित आरपी मेमोरियल बोडिङ स्कुलका सञ्चालक जयप्रकाशनारायण रायले दुःखेसो पोखे ।

हनुमाननगर कंकालिनी नगरपालिकाका शिक्षा शाखा प्रमुख हरिनारायण साहले मापदण्ड पूरा गरेका विद्यालयको अनुगमनपछि माथिल्लो कक्षाको अनुमति प्रदान गरिएको दाबी गरेका छन् ।

# मखानलाई बजारीकरण गर्न सामग्री वितरण

टुडे समाचारदाता

जलेश्वर।महोत्तरीकोमटिहानी नगरपालिकाले पोषकतत्वले भरपुर रहेको मखानको ब्राण्डिङ गर्न कृषकलाई बजारीकरणको सामग्री वितरण गरिएको छ ।

मटिहानी नगरपालिकाको नगरस्तरीय योजना अन्तर्गत मखाना उत्पादन तथा बजारीकरण गर्ने किसानहरुलाई सामग्रीहरु बोरा, झोला तथा त्रिपाल सोमबार वितरण गरिएको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।

मटिहानी नगरपालिकामा मखाना खेती गर्ने २१ जना कृषकहरुलाई उत्पादन क्षमताको आधारमा सयदेखि चार सयसम्म बोरा, २०० थान झोला र एक थान त्रिपाल वितरण गरेको छ ।



मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले नगरपालिकाले मटिहानीको मखानालाई ब्राण्डिङ गर्ने उद्देश्यले विगत तीन वर्षदेखि मखाना खेती तथा खेती गर्ने कृषकहरुको लागि विभिन्न सामग्रीहरु वितरण गर्दै आएको बताए । उनले मटिहानीको स्थानीय उत्पादन रहेको यस मखाना खेतीको विकास, उत्पादन वृद्धि एवं मखानाको बजारीकरण गर्न पालिकाले भरमग्दुर प्रयास गरिरहेको जानकारी दिंदै ब्राण्डिङ गर्ने उद्देश्यले नगरपालिकामा आउने पाहुनाहरुलाई उपहारस्वरुप मखाना कोसेली दिने गरेको बताए ।

मेयर मण्डलले मटिहानी नगरपालिकामा करिब एक सयको हाराहारीमा पोखरी रहेको र त्यसमध्ये ५० जतिको पोखरीमा मखाना खेती हुने गरेको बताउँदै भने, 'यहाँबाट वर्षेनी कम्तीमा ४ सय क्विन्टल मखाना नेपालको विभिन्न सहरमा जाने गरेको छ ।'

मटिहानीका दुई दर्जनभन्दा बढी परिवारको पेशा नै मखान खेती रहेको छ । मटिहानी नगरपालिकाको वडा नं. ६,७ र ८ मा बसोबास गर्दै आएका मल्लाह (सहनी), साह तथा मुस्लिम परिवारहरु मखाना खेती गरिरहेका छन् ।

मटिहानी नगरपालिकाका कृषि शाखाका सहसंयोजक टंकप्रसाद उपाध्यायले पालिकाको १२५ बिघामा मखाना खेती भइरहेको जानकारी दिनुहुँदै मटिहानी नगरपालिकाले यसमा लगानी गरिरहेपछि मखाना खेती गर्नेको संख्या बढ्दै गएको बताए ।

हिन्दुधर्ममा पूजापाठदेखि लिएर हरेक कामकाजमा मखाना आवश्यक पर्ने भए पनि पानीको कारणले मखाना खेती गर्न तथा मखाना उत्पादकत्वमा कमी देखिएको छ । हिन्दुधर्ममा जन्मदेखि मृत्यु संस्कारसम्ममा मखानाको आवश्यकता पर्ने गरे पनि मखाना विशेषगरी दीपावली, कोजाग्रत पूर्णिमामा बढी प्रयोग हुने गरेको छ ।

# बोक्सी आरोपमा एकै परिवारका ५ जनालाई जलाइयो

टुडे समाचारदाता

जनकपुरधाम । भारतीय राज्य बिहारको पूर्णियामा बोक्सी भएको आरोपमा एकै परिवारका ५ जनाको निर्मम हत्या गरिएको छ ।

मृतकमा तीन महिला र दुई पुरुष छन् । घटनापछि गाउँमा शोक छाएको छ ।

भारतीय सञ्चारमाध्यमका अनुसार गाउँका मानिसले बाबुलाल ओराँवकी आमालाई बोक्सी भएको आरोप लगाई परिवारै मारेका छन् ।

पहिले उनीहरूलाई कुटपिट गरियो र पछि जिउँदै जलाइएको छ। निर्मम हत्यापछि मृतकहरूको शव कुनै सुनसान ठाउँमा गाडिएको थियो ।

भारतीय सञ्चारमाध्यमहरुले जनाए अनुसार भारतीय प्रहरीले मुफस्सिल प्रहरी चौकी क्षेत्रको राजीगन्ज पञ्चायतको तेटगामा वार्ड-१० को उक्त दर्दनाक घटना भएको जनाइएको छ ।

घटनापछि प्रहरीले दुई जनालाई हिरासतमा लिएको छ र सोधपुछ भइरहेको छ ।

मृतकहरूमा सीता देवी (४८ वर्ष), बाबुलाल ओराँव (५० वर्ष), कातो देवी (६५ वर्ष), मनजित ओराँव (२५ वर्ष) र रानी देवी (२३ वर्ष) छन् ।

मृतक महिलाका छोरा सोनुका अनुसार गाउँका केही मानिसले उनकी हजुरआमाले कालो जादू गर्ने गरेको शंका गरेका थिए ।



आइतबार राति गाउँका प्रमुख नकुल ओराओनको नेतृत्वमा एक बैठक बोलाइयो, जसमा हजुरआमालाई बोक्सी भएको आरोप लगाइयो। गाउँका करिब २०० जना बैठकमा उपस्थित थिए। यस क्रममा कातो देवीलाई बोक्सी भएको आरोप लगाउँदै परिवारका अन्य सदस्यलाई पनि बोलाइएको थियो ।

गाउँलेहरूले सोनुकी हजुरआमाको सहयोगको याचना सुनेनन् र परिवारका सबै सदस्यलाई कुटपिट गर्न थाले ।

पहिले सबैलाई लाठीले निर्ममतापूर्वक कुटपिट गरिएको थियो । त्यसपछि परिवारका सबै सदस्यलाई पेट्रोल छर्केर जिउँदै जलाइयो। सबैको मृत्यु भएपछि शव ट्र्याक्टरले लगेर सुनसान ठाउँमा फालिएको थियो ।

सोनुले भागेर ज्यान जोगाएका थिए । त्यसपछि सोनुले नै घटनाबारे प्रहरीलाई जानकारी गराएका थिए ।

# मिस नेपाल २०२५ को आवेदन खुल्यो

टुडे समाचारदाता

जनकपुरधाम । मिस नेपाल २०२५ का लागि आवेदन खुला गरिएको जनाइएको छ ।

जनकपुरधाममा सोमबार दि हिडेन ट्रेजरले आयोजना गरेको पत्रकार सम्मेलनमार्फत आवेदन खुला गरिएको राज भाई सुवालले जानकारी दिए ।

३० औं वार्षिकोत्सवको अवसर पारेर आयोजना गर्न लगेको मिस सम्मेलन २०२५ मा हुन लागेको सो प्रतियोगितामा १८ देखि २७ वर्ष उमेर समूहका देश तथा विदेशमा रहेका नेपाली युवतीहरूलाई आवेदन दिन आग्रह गरिएको छ । सो प्रतियोगितामा सहभागिका लागि न्यूनतम उचाइ ५ फिट ३ इन्च हुनुपर्नेछ ।

आवेदन निःशुल्क रहने जनाइएको छ भने अन्तिम म्याद असार २६ गते सम्म रहेको आयोजकले जनाएको छ ।




अन्तिम अडिसन असार २८ गते काठमाण्डुमा हुने जनाइएको छ । अडिसनबाट छनोटमा परेका युवतीहरूले ग्रामीण र विशेष प्रशिक्षण प्राप्त गर्नेछन् । फिनाले कार्यक्रम भदौ १४ गते शनिबार, गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजना गरिनेछ ।

सो प्रतियोगिताबाट मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ, मिस नेपाल इन्टरनेशनल र पहिलो पटक मिस नेपाल कोस्मो गरी चार जना विजेता चुनिनेछ। पहिलो पटक मिस कोस्मो इन्टरनेशनल प्रतियोगितामा सहभागिता रहने भएको छ ।

मिस नेपाल २०२५ को खोजीका लागि विर्तामोड, जनकपुरधाम, नेपालगञ्जलगायत विभिन्न शहरहरूमा अडिसन र प्रचारप्रसार अभियान सञ्चालन गरिएको छ । काठमाण्डुका १० वटा कलेजमा पनि मिस नेपाल एक्टिभेसन क्याम्पेन सञ्चालन गरिने आयोजकले जनाएको छ ।

# रेलमा ठोक्किएर एक जनाको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल रेल्वेमा ठोक्किएर एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनुषाको लक्ष्मिनीयाँ गाउँपालिका-२ स्थित सिनुरजोराका विकरु साहको ४५ वर्षीय छोरा बिनोद साह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



सोमबार दिउँसो धनुषाको औरही गाउँपालिका-२ स्थित देउरी परवाहास्थित रहेको रेलको लिकमा ठक्कर लागेर उनको मृत्यु भएको धनुषा प्रहरीका प्रहरी नायव उपरीक्षक बरुण बहादुर सिंहले जानकारी दिए ।

जनकपुरधामबाट जयनगरतर्फ गइरहेको रेलको ठक्करबाट मृत्यु भएका साहको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

# स्वास्थ्य अधिकृत ठाकुर प्रहरी नियन्त्रणमा

टुडे समाचारदाता

वीरगञ्ज । जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत जयमोद ठाकुरले पत्रकारमाथि दुर्व्यवहार गरेको आरोपमा पर्सा प्रहरीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ ।

प्रेस सेन्टर नेपाल पर्सालगायतका पत्रकारहरूले ठाकुरलाई पक्राउ गर्न दबाब दिएपछि जिल्ला प्रहरी कार्यालय पर्साले नियन्त्रणमा लिएको छ ।

आइतबार दिउँसो वीरगञ्जको क्लासिक ब्यान्क्वेटमा रिपोर्टिङका लागि पुगेका पत्रकारहरुलाई ठाकुरले मदिरा सेवन गरी कार्यक्रमस्थलमा आएर दुर्व्यवहार गरेको पत्रकार हरुको आरोप छ ।



पत्रकार सन्तोषकुमार कुशवाहा लगायत पत्रकारहरू आरोहणकुमार साह, राजु बैठा, राकेशकुमार साह, अर्जुन चौधरी, आनन्दकुमार पटेल लाई स्वास्थ्य अधिकृत जयमोद ठाकुरले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए ।

सो घटनाले पत्रकार समुदायलाई आक्रोशित बनाएको छ । संयोजक ठाकुरलाई सामान्यतया पर्साका पत्रकारहरूसँग राम्रो सम्बन्ध भएको मानिन्छ, तर यस घटनाले पत्रकारहरू आक्रोशित भएका छन्। नेपाल पत्रकार महासंघ पर्सा शाखाले यस विषयमा गम्भीर चासो देखाएको छ ।

पत्रकारका विभिन्न संघ-संगठनहरुले सो घटनालाई आपत्तिजनक भन्दै दुर्व्यवहार गर्ने स्वास्थ्य अधिकृत ठाकुरलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन माग गरेका छन् ।

# लागूऔषधसहित दुई जना पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीको बलान बिहुल गाउँपालिका-२ स्थित बलान खोलाको छेउबाट लागूऔषधसहित दुई जना युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुरको त्रियुगा नगरपालिका-११ का २५ वर्षीय लक्ष्मण मलाह र सोही ठाउँका २४ वर्षीय राजेश निरौला रहेको सप्तरी प्रहरीले जनाएको छ ।

आइतबार बेलुका भारतबाट नेपालतर्फ आइरहेका उनीहरुमाथि शंका लागेर प्रहरी चौकी मौवाहाको टोलीले चेकजाँच गरेको थियो ।

उनीहरुको साथमा रहेको झोलाबाट डाइजेपाम र फेर्नागन इन्जेक्सन ८६/८६ थान र बुप्रेनोर्फिन इन्जेक्सन ८८ थान बरामद भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

# करेन्ट लागेर एकजनाको मृत्यु

टुडे समाचारदाता

जलेश्वर । असारे विकास निर्माणमा कार्यरत रहेका एकजना मजदुरको करेन्ट लागेर मृत्यु भएको छ । त्यस्तै अर्का एक मजदुर घाइते भएका छन् ।

महोत्तरी प्रहरीले दिएको जानकारी अनुसार रामगोपालपुर नगरपालिका- ५ स्थित कञ्चनपुरका ३२ वर्षीय छट्टु मुखियाको करेन्ट लागेर मृत्यु भएको छ ।

मधेश प्रदेश भौतिक पूर्वाधार मन्त्रालयको योजनाअन्तर्गत औरही नगरपालिका-७ स्थित भोइल-श्रीपुर सडक खण्डस्थित निर्माणाधीन कल्भर्टमा काम गरिरहेको बेला सडक छेउमै रहेको ११



हजार केभीए विद्युत तार अकस्मात चुँडिएर खस्दा मुखियाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरीका प्रहरी नायव उपरीक्षक शैलेन्द्र भट्टले जानकारी दिए ।

करेन्टको प्रभावले साथै काम गरिरहेका अर्का मजदुर किसन मण्डल घाइते हुनुभएको छ ।

उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

मृतक मुखियाको शव परीक्षणका लागि जलेश्वरस्थित प्रादेशिक असपतालमा ल्याइएको छ । सोमबार घटना मुचुल्का र शव परीक्षण रिपोर्ट प्राप्त भएपछि कानुनी प्रक्रिया अघि बढाइने भट्टले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८